आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)



नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

कात्तिक २०८३

प्राक्कथन

"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् नेपाल राष्ट्र बैंकले प्रादेशिक ढाँचामा मुलुकका ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** प्रकाशन गर्दै आएको छ । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्म जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको स्थिति एवम् परिदृश्यको संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त प्रादेशिक राजस्व तथा खर्च र प्रमुख कार्यहरुको विश्लेषण समेत प्रतिवेदनमा संलग्न गरिएको छ । आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना प्राथमिक र द्वितीय स्रोतबाट लिइएको छ । प्राथमिक स्रोत अन्तर्गत स्थलगत भ्रमण, सर्वेक्षण, अन्तर्वार्ता तथा अन्तरक्रिया विधि अपनाइएको छ भने द्वितीय स्रोत अन्तर्गत संघीय सरकार, प्रदेश सरकारका मन्त्रालय एवम् सो मातहतका निर्देशनालय, स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवम् अन्य निजी/सार्वजनिक निकायबाट तथ्याङ्क तथा सूचना लिइएको छ ।

आर्थिक वर्ष २०८१/८२ को तुलनामा समीक्षा अवधिमा समग्र आर्थिक गतिविधिमा केही सुस्तता देखिएको छ । आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत र प्रचलित मूल्यमा ३.६८ प्रतिशत भएको राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ४.४३ र ३.८० प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा भदौ र असोज महिनामा भएको अत्याधिक वर्षा र बाढीपहिरोका कारण कृषि उत्पादन, जलविद्युत उत्पादन तथा प्रसारण, भौतिक पूर्वाधार, पर्यटन लगायतका क्षेत्रहरु प्रभावित भएका छन् । तथापि, सरकारले पुनर्निर्माण, सुशासन तथा आर्थिक सुधारका लागि गरेको प्रयास र यस बैंकले अवलम्बन गरेको सजगतापूर्वक लचिलो मौद्रिक नीतिको कार्य दिशाले आगामी दिनमा आर्थिक क्रियाकलापमा थप सुधार आउने अपेक्षा रहेको छ ।

प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन संघीय सरकार एवम् प्रदेश सरकारलगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विभिन्न परियोजना, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री विज्ञानराज सुवेदीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी, प्रतिवेदन तयारीमा संलग्न हुनुहुने आर्थिक विकास महाशाखाका उप-निर्देशकद्वय श्री सजना शिल्पकार र श्री धनञ्जय पराजुली, सहायक निर्देशकहरू श्री अर्जुन कुमार श्रेष्ठ, श्री रामकृष्ण आचार्य, श्री आरती मण्डल, अधिकृत (कम्प्युटर) श्री रामकुमार थापा र प्रधान सहायक श्री सन्तोष पनेरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

डा. सत्येन्द्र तिमिल्सिना
कार्यकारी निर्देशक

विषय-सूची

शीर्षक		पेज नं.
आवरण पृष्ठ		
प्राक्कथन		**(क)**
विषयसूची		**(ख)**
तालिकासूची		**(घ)**
चार्टसूची		**(च)**
सारांश		**(छ)**
परिच्छेद १: अध्ययन परिचय		
	१.१ पृष्ठभूमि	१
	१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन	१
	१.३ अध्ययनको सीमा	२
	१.४ अध्ययन प्रतिवेदनको ढाँचा	२
परिच्छेद २: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति		
	२.१ विश्व आर्थिक स्थिति	३
	२.२ मूल्य स्थिति	४
	२.३ नेपालको समष्टिगत आर्थिक स्थिति	५
	२.४ अन्तर प्रदेश तुलना	५
परिच्छेद ३: कृषि क्षेत्र		
	३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र	६
	३.२ कृषि उत्पादन	७
	३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन	९
	३.४ सिँचाइ	११
	३.५ क्षेत्रगत कृषि कर्जा	११
	३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना	१२
परिच्छेद ४: उद्योग क्षेत्र		
	४.१ उद्योगको विवरण	१५
	४.२ उद्योगको क्षमता उपयोग तथा उत्पादन	१५
	४.३ क्षेत्रगत औद्योगिक कर्जा	१७
	४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना	१८
परिच्छेद ५: सेवा क्षेत्र		
	५.१ पर्यटन	२१
	५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट	२२
	५.३ वित्तीय सेवा	२४
	५.४ सेवा क्षेत्र कर्जा	२५
	५.५ यातायात तथा संचार	२६
	५.६ सहकारी क्षेत्र	२६
	५.७ शिक्षा	२७
	५.८ स्वास्थ्य	२७
	५.९ सेवा क्षेत्रका चुनौती तथा सम्भावना	२८

परिच्छेद ६: पूर्वाधार क्षेत्र

६.१ पूर्वाधार स्थिति ३१

६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना ३४

परिच्छेद ७: बाह्य क्षेत्र र रोजगारी

७.१ वैदेशिक व्यापार ३७

७.२ रोजगारी ४०

७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती तथा सम्भावना ४१

परिच्छेद ८: संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति ४३

८.२ आर्थिक वर्ष २०८३/८४ को संघीय तथा प्रदेशगत बजेटको संक्षिप्त विवरण ४३

८.३ नेपालको सार्वजनिक ऋणको अवस्था ४५

८.४ अन्य कार्यक्रमको कार्यान्वयन ४६

परिच्छेद ९: आर्थिक परिदृश्य

९.१ मूल्य स्थिति ४७

९.२ कृषि क्षेत्र ४७

९.३ औद्योगिक क्षेत्र ४७

९.४ सेवा क्षेत्र ४७

९.५ पूर्वाधार क्षेत्र ४८

९.६ बाह्य क्षेत्र ४८

तालिका सूची

तालिका नं.	शीर्षक	पेज नं.
तालिका २.१	विश्वको आर्थिक वृद्धिदर	३
तालिका २.२	नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर	३
तालिका २.३	दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर	४
तालिका २.४	विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित)	४
तालिका २.५	दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित)	५
तालिका २.६	प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८२/८३)	५
तालिका ३.१	कृषि उपजले ढाकेको भू-क्षेत्र	७
तालिका ३.२	धान बालीको उत्पादन	८
तालिका ३.३	कृषि बालीको उत्पादन	९
तालिका ३.४	प्रमुख पशुपन्छी, माछा उत्पादन	१०
तालिका ३.५	सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा	११
तालिका ३.६	कृषि क्षेत्रका प्रदेशगत चुनौती	१२
तालिका ३.७	कृषि क्षेत्रका प्रदेशगत सम्भावना	१३
तालिका ४.१	आ.व. २०८२/८३ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण	१५
तालिका ४.२	उद्योग दर्ताको प्रदेशगत विवरण	१५
तालिका ४.३	प्रदेशगत औद्योगिक क्षेत्र कर्जा	१७
तालिका ४.४	उद्योग क्षेत्रका प्रदेशगत चुनौती	१८
तालिका ४.५	उद्योग क्षेत्रका प्रदेशगत सम्भावना	१९
तालिका ५.१	सार्वजनिक निर्माण तथा रियलस्टेट	२३
तालिका ५.२	प्रदेशगत सेवा क्षेत्र कर्जा	२५
तालिका ५.३	सवारी साधन दर्ताको प्रदेशगत विवरण	२६
तालिका ५.४	सेवा क्षेत्रका प्रदेशगत चुनौती	२८
तालिका ५.५	सेवा क्षेत्रका प्रदेशगत सम्भावना	२९
तालिका ६.१	सडकको हालसम्मको प्रगति विवरण	३१
तालिका ६.२	पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती	३४
तालिका ६.३	पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना	३५
तालिका ७.१	आर्थिक वर्ष २०८२/२०८३ मा नेपालको आयात निर्यात स्थिति	३७
तालिका ७.२	आर्थिक वर्ष २०८२/२०८३ को आयात र निर्यातको संरचना	३७
तालिका ७.३	कृषिजन्य वस्तु आयात निर्यातको अवस्था	३८
तालिका ७.४	भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति	३९
तालिका ७.५	भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु	३९

तालिका ७.६	राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण	४०
तालिका ७.७	आर्थिक वर्ष २०८१/८२ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण	४०
तालिका ७.८	दक्षताको आधारमा आ.व. २०८२/८३ मा जारी श्रम स्वीकृति संख्या	४१
तालिका ८.१	आर्थिक वर्ष २०८२/८३ को संघीय बजेटको वार्षिक प्रगति विवरण	४३
तालिका ८.२	आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक बजेटको स्रोत र खर्चको विवरण	४३
तालिका ८.३	आर्थिक वर्ष २०८३/८४ मा प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा	४४
तालिका ८.४	आर्थिक वर्ष २०८३/८४ को प्रदेशगत बजेटको विवरण	४४
तालिका ८.५	नेपालको सार्वजनिक ऋणको अवस्था	४५
तालिका ८.६	राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको लक्ष्य तथा कार्यान्वयन अवस्था	४६

चार्टहरुको सूची

चार्ट नं.	शीर्षक	पेज नं.
चार्ट ३.१	प्रमुख खाद्यन्न बालीले ढाकेको भू-क्षेत्र	६
चार्ट ३.२	प्रमुख कृषि बालीको उत्पादन	८
चार्ट ३.३	प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा	१०
चार्ट ३.४	सिँचाइ क्षेत्रफलमा भएको विस्तार	११
चार्ट ३.५	कृषि कर्जाको प्रदेशगत हिस्सा	१२
चार्ट ४.१	प्रमुख उद्योगको क्षमता उपयोग	१६
चार्ट ४.२	प्रदेशगत क्षमता उपयोग	१६
चार्ट ४.३	औद्योगिक कर्जा लगानी स्थिति	१७
चार्ट ५.१	पर्यटक आगमन संख्या	२१
चार्ट ५.२	घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा	२३
चार्ट ५.३	बैंक तथा वित्तीय संस्थाको शाखा संख्या	२४
चार्ट ५.४	निक्षेप तथा कर्जा स्थिति	२४
चार्ट ५.५	प्रदेशगत कर्जा निक्षेप अनुपात	२५
चार्ट ५.६	नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण	२७
चार्ट ८.१	प्रदेशको एकीकृत बजेटको वार्षिक प्रवृत्ति	४४
चार्ट ८.२	नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ्य उत्पादन अनुपात	४५

सारांश

समष्टिगत स्थिति

१. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२६ अक्टुबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२५ मा विश्वको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेकोमा सन् २०२६ मा ३.१ प्रतिशत र सन् २०२७ मा ३.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

२. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत र प्रचलित मूल्यमा ३.८६ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको संशोधित अनुमान छ ।

३. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ ।

४. आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.७१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२ प्रतिशत रहेको छ ।

कृषि क्षेत्र

५. समीक्षा वर्षमा प्रमुख कृषि बालीको उत्पादन ०.८४ प्रतिशतले घटेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने १.५६ प्रतिशतले घटेको छ ।

६. समीक्षा वर्षमा तरकारी उत्पादन १.६७ प्रतिशत र फलफूल उत्पादन ०.२१ प्रतिशतले बढेको छ भने मसला उत्पादन १.३४ प्रतिशतले घटेको छ ।

७. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ३.६४ प्रतिशत बढेको छ भने मासु उत्पादन ०.०९ प्रतिशतले र अण्डा उत्पादन ५.७७ प्रतिशतले घटेको छ । वनजन्य उत्पादनतर्फ दाउरा उत्पादन १९.७४ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ६५.३६ प्रतिशतले बढेको छ भने काठ उत्पादन १.४० प्रतिशतले घटेको छ ।

उद्योग क्षेत्र

८. समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४८.१३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस्तो क्षमता उपयोग ५१.४३ प्रतिशत रहेको थियो ।

९. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्र कर्जाको हिस्सा ३१.०२ प्रतिशत रहेको छ ।

सेवा क्षेत्र

१०. सन् २०२५ मा नेपाल भ्रमण गर्ने पर्यटक संख्या ०.९५ प्रतिशतले वृद्धि भई ११ लाख ५८ हजार ४ सय ५९ जना पुगेको छ ।

११. समीक्षा वर्षमा घर/भवन नक्शा पास संख्या २.९८ प्रतिशतले र घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व २.०४ प्रतिशतले घटेको छ ।

१२. २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२.७२ प्रतिशतले र कर्जा प्रवाह ६.५५ प्रतिशतले वृद्धि भएको छ । २०८३ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ७२.३७ प्रतिशत रहेको छ ।

१३. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश उच्च रहेको छ । कुल निक्षेपमा यस प्रदेशको अंश ६४.०५ प्रतिशत र कुल कर्जामा ६०.९१ प्रतिशत रहेको छ ।

१४. समीक्षा वर्षमा यातायात साधनको दर्ताको सङ्ख्या १६.१५ प्रतिशतले बढेको छ ।

पूर्वाधार

१५. आर्थिक वर्ष २०८२/८३ मा २०,६५७ कि.मि. कालोपत्रे सडक, ९३१६ कि.मि. ग्राभेल सडक, ९७०१ कि.मि.कच्ची/नयाँ सडक र १५९ कि.मि. रिजिड पेभ्मेन्ट निर्माण भएको छ ।

बाह्य क्षेत्र र रोजगारी

१६. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब २९ करोड पुगेको छ । साथै, कुल वस्तु आयात १६.२० प्रतिशतले वृद्धि भई रु.२० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ ।

१७. आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक रोजगारीमा (पुनःश्रम स्वीकृति समेत) जानेको संख्या ७,९२,१८७ रहेको छ । यसमध्ये मधेश प्रदेशको अंश सबैभन्दा बढी २२.६० प्रतिशत र कर्णाली प्रदेशको अंश सबै भन्दा कम ३.८५ प्रतिशत रहेको छ ।

संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

१८. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामा संशोधन गरी कुल रु.१६ खर्ब ८८ अर्ब ३३ करोड हुने गरी संशोधन गरिएको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा रु.१५ खर्ब ८२ अर्ब १७ करोड (९३.७१ प्रतिशत) खर्च भएको छ ।

१९. आर्थिक वर्ष २०८२/८३ मा प्रदेशहरुको कुल विनियोजित बजेट रु.२ खर्ब ८७ अर्ब ७१ करोड रहेको थियो । विनियोजित बजेट मध्ये चालुतर्फ रु.८६ अर्ब ४ करोड (३०.०३ प्रतिशत), पुँजीगततर्फ रु.१ खर्ब ७१ अर्ब १७ करोड (५९.४९ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु. ९८ करोड (०.३४ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२९ अर्ब १६ करोड (१०.१४ प्रतिशत) रहेको थियो ।

परिच्छेद १: अध्ययन परिचय

१.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्यसमेत समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। आर्थिक वर्ष २०७६/७७ देखि सबै जिल्लाहरु समावेश गरी प्रदेशगत र एकीकृत आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरू वार्षिक र अर्ध-वार्षिक रूपमा प्रकाशन गर्न थालिएको छ। यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असार मसान्तसम्म (एकवर्ष) को तथ्याङ्कमा आधारित भई यो आर्थिक गतिविधि अध्ययन (एकीकृत) तयार गरिएको छ।

यस अध्ययनको उद्देश्य सङ्घीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरूको स्थिति र यसमा भइरहेका परिवर्तनलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ।

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१.२.१. आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यस प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार र बाह्य क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू तथा आर्थिक परिदृश्यका सम्बन्धमा सङ्क्षिप्त विश्लेषण गरिएको छ।

१.२.२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संसोधन २०८३ सहित) अनुसार मुलुकको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलत: स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ।

१.२.३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहायबमोजिम सङ्कलन गरिएको छ:

(क) कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि विकास कार्यालय तथा पशु विकास कार्यालयहरुबाट सङ्कलन गरिएको छ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट सङ्कलन गरिएको छ।

(ग) बैंकिङसम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूबाट सङ्कलन गरिएको छ। पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमुना छनौटमा परेका होटलहरूबाट, घरजग्गा नक्शापास सम्बन्धी तथ्याङ्क सम्बन्धित महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाबाट सङ्कलन गरिएको छ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरूबाट सङ्कलन गरिएको छ। तथ्याङ्क तथा सूचनाहरू सङ्कलनको लागि स्थलगत भ्रमणका अतिरिक्त इमेल, टेलिफोन, वेवसाइटलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

१.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनमा विभिन्न प्रकारका सीमाहरू रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१.३.१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले तथ्याङ्क सङ्गठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरूपः कृषि उत्पादन र पूर्वाधारलगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरूपता कायम हुन सकेको छैन ।

१.३.२. त्यसैगरी, कतिपय उद्योग व्यवसायहरूबाट तथ्याङ्क उपलब्ध गराउन नचाहने तथा समयमै उपलब्ध नहुनाका साथै अपूरो तथ्याङ्क उपलब्ध गराउने गरेकाले उद्योग क्षेत्रको विश्लेषणमा कठिनाई हुने गरेको छ ।

१.३.३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरूले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ । प्रस्तुत अध्ययनमा नमुना छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

१.३.४. यस प्रतिवेदनमा उल्लेखित विभिन्न क्षेत्रका चुनौती, सम्भावना एवम् आर्थिक परिदृश्य सरोकारवालाहरुसँग गरिएको प्रत्यक्ष एवं अप्रत्यक्ष छलफलको आधारमा तयार पारिएको हो ।

१.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदनमा ९ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय पश्चात् परिच्छेद २ मा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र र रोजगारीसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । परिच्छेद ८ मा सङ्घीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

परिच्छेद २: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति

२.१ विश्व आर्थिक स्थिति

२.१.१. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२६ अक्टुबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२५ मा विश्वको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेकोमा सन् २०२६ मा ३.१ प्रतिशत र सन् २०२७ मा ३.४ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

२.१.२. विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर सन् २०२५ मा २.० प्रतिशत रहेकोमा सन् २०२६ र सन् २०२७ मा क्रमशः २.१ प्रतिशत र १.८ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। उदीयमान र विकासशील अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर सन् २०२५ मा ४.५ प्रतिशत रहेकोमा सन् २०२६ मा घटेर ३.७ प्रतिशत र सन् २०२७ मा ४.४ प्रतिशत कायम रहने प्रक्षेपण छ।

तालिका २.१: विश्वको आर्थिक वृद्धिदर

अर्थतन्त्र	२०२५	२०२६[प]
विश्व अर्थतन्त्र	३.५	३.१
विकसित अर्थतन्त्र	२.०	२.१
उदीयमान तथा विकासशील अर्थतन्त्र	४.५	३.७
उदीयमान तथा विकासशील एसिया	५.६	५.१
उदीयमान तथा विकासशील युरोप	२.०	१.७
ल्याटिन अमेरिका तथा क्यारेबियन	२.५	२.३
मध्यपूर्व तथा मध्य एसिया	३.७	-०.३
सब साहारा अफ्रिका	४.५	४.५

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२६

२.१.३. सन् २०२६ मा नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरूमध्ये अधिकांश मुलुकको आर्थिक वृद्धिदर ऋणात्मक हुने प्रक्षेपण छ।

तालिका २.२: नेपालीहरूको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर

मुलुक	२०२५	२०२६[प]
यूएई	६.२	-३.९
साउदी अरेबिया	४.६	-३.३
कतार	१.८	-१५.६
कुवेत	२.७	-१६.७
मलेसिया	५.२	५.२
रोमानिया	०.७	-०.५
जापान	१.२	०.७
दक्षिण कोरिया	१.१	३.३
क्रोएसिया	३.४	२.२
बहराइन	३.५	-११.३

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२६

२.१.४. सन् २०२५ को तुलनामा सन् २०२६ मा अधिकांश दक्षिण एसियाली देशहरूको आर्थिक वृद्धिदर केही घट्ने प्रक्षेपण छ। दक्षिण एसियाली देशहरूमध्ये भारत र भुटानको आर्थिक वृद्धिदर सबैभन्दा धेरै समान ७.० प्रतिशत र माल्दिभ्सको सबैभन्दा कम १.० प्रतिशत रहने प्रक्षेपण छ। सन् २०२५ मा भारतको आर्थिक वृद्धिदर ७.८ प्रतिशत रहेकोमा सन् २०२६ र सन् २०२७ मा ७.० प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ।

त्यसैगरी, चीनको आर्थिक वृद्धिदर सन् २०२५ मा ५.० प्रतिशत रहेकोमा सन् २०२६ मा ४.५ प्रतिशत र सन् २०२७ मा ४.० प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ ।

तालिका २.३: दक्षिण एसियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर

मुलुक	२०२५	२०२६[प]
बंगलादेश	३.५	३.६
भुटान	८.२	७.०
भारत	७.८	७.०
माल्दिभ्स	६.३	१.०
नेपाल	४.४	३.६
पाकिस्तान	३.२	३.६
श्रीलङ्का	५.०	४.०
चीन	५.०	४.५

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२६

२.२ मूल्य स्थिति

२.२.१. अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा ४.१ प्रतिशत रहेको विश्व मुद्रास्फीति सन् २०२६ मा ४.७ प्रतिशत रहने प्रक्षेपण छ ।

२.२.२. विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति सन् २०२५ मा २.५ प्रतिशत रहेकोमा सन् २०२६ मा ३.१ प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति सन् २०२५ मा ५.२ प्रतिशत रहेकोमा सन् २०२६ मा ५.७ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

२.२.३. यसैगरी, विश्वका मध्यपूर्व तथा मध्य एसियाको मुद्रास्फीति सन् २०२६ मा सबैभन्दा उच्च १३.० प्रतिशत र उदीयमान तथा विकासशील एसियाको मुद्रास्फीति दर सबैभन्दा न्यून २.७ प्रतिशत रहने अनुमान छ ।

तालिका २.४: विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

अर्थतन्त्र	२०२५	२०२६[प]
विश्व अर्थतन्त्र	४.१	४.७
विकसित अर्थतन्त्र	२.५	३.१
उदीयमान तथा विकासशील अर्थतन्त्र	५.२	५.७
उदीयमान तथा विकासशील एसिया	१.१	२.७
उदीयमान तथा विकासशील युरोप	१३.५	११.३
ल्याटिन अमेरिका तथा क्यारेबियन	७.६	६.८
मध्यपूर्व तथा मध्य एसिया	११.२	१३.०
सब साहारा अफ्रिका	१२.६	८.६

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२६

सन् २०२५ को तुलनामा सन् २०२६ मा दक्षिण एसियाली मुलुकहरूमध्ये बङ्गलादेशको उपभोक्ता मुद्रास्फीति सबैभन्दा उच्च ८.७ प्रतिशत र चीनको सबैभन्दा न्यून १.० प्रतिशत रहने प्रक्षेपण छ । सन् २०२५ को तुलनामा सन् २०२६ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति वृद्धि हुने प्रक्षेपण रहेको छ । सन् २०२५ मा भारतको उपभोक्ता मुद्रास्फीति २.० प्रतिशत रहेकोमा सन् २०२६ मा ५.० प्रतिशत पुग्ने प्रक्षेपण छ । त्यसैगरी, सन् २०२६ मा चीनको उपभोक्त मुद्रास्फीति १.० प्रतिशत पुग्ने प्रक्षेपण छ (तालिका २.५) ।

तालिका २.५: दक्षिण एसियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

मुलुक	२०२५	२०२६[प]
बङ्गलादेश	१०.०	८.७
भुटान	२.६	५.६
भारत	२.०	५.०
माल्दिभ्स	३.५	४.०
नेपाल	४.१	३.१
श्रीलङ्का	-०.५	५.३
पाकिस्तान	४.५	७.१
चीन	०.०	१.०

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२६

२.३ नेपालको समष्टिगत आर्थिक स्थिति

२.३.१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत र आधारभूत मूल्यमा ३.६८ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.४३ प्रतिशत र आधारभूत मूल्यमा ३.८० प्रतिशत रहेको संशोधित अनुमान रहेको छ।

२.३.२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल राष्ट्रिय आय (Per Capita GNI) १५३५ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ।

२.४ अन्तर प्रदेश तुलना

२.४.१. राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.७१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२० प्रतिशत रहेको छ।

२.४.२. कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.३६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.९९ प्रतिशत रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.४५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९७ प्रतिशत रहेको छ।

तालिका २.६: प्रादेशिक आर्थिक परिसूचकहरू (आर्थिक वर्ष २०८२/८३)

आर्थिक परिसूचक/ प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा)	१०४३.११	८६३.३३	२४२३.१२	५९२.६८	९३६.७२	२७७.२५	४६३.८९	**६६००.१०**
राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत)	१५.८०	१३.०८	३६.७१	८.९८	१४.२०	४.२०	७.०३	**१००.००**
आर्थिक वृद्धिदर	३.१३	१.३१	५.४०	५.०१	२.८७	२.९४	३.२८	**३.८५**
कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत)	२१.३६	१९.०४	१७.१४	९.५९	१७.५८	५.५१	९.७८	**१००.००**
उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत)	१९.७२	११.२५	३१.७४	१२.०५	१५.३५	२.९९	६.९०	**१००.००**
सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत)	१२.७५	११.१९	४५.४५	८.०४	१२.६१	३.९७	५.९९	**१००.००**
कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)								
कृषि क्षेत्र	३२.४८	३४.९७	११.२३	२५.६६	२९.७६	३१.५२	३३.४३	**२४.०३**
उद्योग क्षेत्र	१७.६७	१२.१८	१२.२४	१९.००	१५.३२	१०.०७	१३.९१	**१४.१६**
सेवा क्षेत्र	४९.८५	५२.८५	७६.५३	५५.३४	५४.९२	५८.४१	५२.६६	**६१.८१**

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय।

परिच्छेद ३: कृषि क्षेत्र


३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बालीले ढाकेको कुल क्षेत्रफल १.५६ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल २.१९ प्रतिशतले घटेको थियो।

खाद्य तथा अन्य बाली : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.०१ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल २.५३ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा गहुँ बालीले ढाकेको क्षेत्रफल ०.२४ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ०.५४ प्रतिशतले बढेको छ। त्यसैगरी, धान बालीले ढाकेको क्षेत्रफल २.७८ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल ०.८९ प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल ३.२६ प्रतिशत र जौ बालीले ढाकेको क्षेत्रफल ३.५६ प्रतिशतले घटेको छ।

गत वर्ष जौ बालीले ढाकेको क्षेत्रफल १.९७ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल १.३९ प्रतिशत र मकै बालीले ढाकेको क्षेत्रफल २.७९ प्रतिशतले घटेको थियो। त्यसैगरी, गहुँ बालीले ढाकेको क्षेत्रफल ३.१३ प्रतिशत, कोदो बालीले ढाकेको क्षेत्रफल १०.०० प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल १९.४० प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै २९.६७ प्रतिशत र फापर बालीको सबैभन्दा कम ०.२३ प्रतिशत रहेको छ (चार्ट ३.१)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १ (क) मा दिइएको छ।

चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र (लाख हेक्टरमा)



स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि विकास कार्यालयहरु

तरकारी : समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल २.७२ प्रतिशतले र बागवानीले ढाकेको क्षेत्रफल ५.९७ प्रतिशतले घटेको छ। गत वर्ष तरकारी बालीले ढाकेको क्षेत्रफल ५.४० प्रतिशतले बढेको थियो भने बागवानीले ढाकेको क्षेत्रफल ९.७७ प्रतिशतले घटेको थियो।

फलफूल : समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ७.९७ प्रतिशतले बढेको छ। गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल ९.४६ प्रतिशतले घटेको थियो।

मसला : समीक्षा वर्षमा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल २.९१ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.३० प्रतिशतले घटेको थियो।

प्रदेशगत स्थिति : समीक्षा वर्षमा सबै प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ। तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा घटेको छ। समीक्षा वर्षमा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल बढेको छ भने कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा घटेको छ। त्यसैगरी, समीक्षा वर्षमा कोशी प्रदेश बाहेक अन्य सबै प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफल बढेको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (३५.१ प्रतिशत) रहँदा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१२.५ प्रतिशत) रहेको छ (अनुसूचीको तालिका १(ख))।

तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

प्रदेश	क्षेत्रफल (हेक्टर)				प्रदेशगत हिस्सा (प्रतिशत)			
	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल	मसला	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल	मसला
कोशी	८७३७१३	५२७८४	२८४५६	२७७८७	२१.६६	१६.०८	१६.४१	३१.८०
मधेश	८१७१९३	९६२५४	६३५५३	१५०९१	२०.२६	२९.३२	३६.६४	१७.२७
बागमती	५१७९०८	५६५३१	१३३१३	१०१६३	१२.८४	१७.२२	७.६७	११.६३
गण्डकी	३५९८७१	२२३७३	१५५०६	७२८८	८.९२	६.८२	८.९४	८.३४
लुम्बिनी	७८२१०२	५३१६३	२२७९६	१२६६५	१९.३९	१६.२०	१३.१४	१४.५०
कर्णाली	२६४४७९	२१२७३	१७१५६	५६९५	६.५६	६.४८	९.८९	६.५२
सुदूरपश्चिम	४१८५७९	२५८६४	१२६७९	८६७८	१०.३८	७.८८	७.३१	९.९३
जम्मा	**४०३३८४५.४**	**३२८२४१.०**	**१७३४५७.३**	**८७३६७.२**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि विकास कार्यालयहरु

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.६६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.५६ प्रतिशत रहेको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २९.३२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.४८ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.६४ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ७.३१ प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.८० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.५२ प्रतिशत रहेको छ (तालिका ३.१)।


३.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बालीको कुल उत्पादन ०.८४ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो बालीको उत्पादन ३.४३ प्रतिशतले बढेको थियो।

खाद्य तथा अन्य बाली : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १.३६ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो उत्पादन ३.१८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा फापर बालीको उत्पादन १.६६ प्रतिशत र गहुँ बालीको उत्पादन २.३१ प्रतिशतले बढेको छ भने मकै बालीको उत्पादन ०.०५ प्रतिशत, जौ बालीको उत्पादन ३.२९ प्रतिशत, धान बालीको उत्पादन ३.७६ प्रतिशत र कोदो बालीको उत्पादन ६.१३ प्रतिशतले घटेको छ। गत वर्ष धान बालीको उत्पादन ३.९८ प्रतिशत र मकै बालीको उत्पादन ४.३२ प्रतिशतले बढेको थियो भने गहुँ बालीको उत्पादन १.६५ प्रतिशत, जौ बालीको उत्पादन १३.४४ प्रतिशत, कोदो बालीको उत्पादन १५.७४ प्रतिशत र फापर बालीको उत्पादन २०.७२ प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी २२.५८ प्रतिशत रहेको छ। यसैगरी, मकै र गहुँ बालीको

उत्पादनको हिस्सा समग्र कृषि उत्पादनमा क्रमशः १२.९९ र ८.५३ प्रतिशत रहेको छ (अनुसूची तालिका २(क))।

चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा)



स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि विकास कार्यालयहरु

धान बालीको उत्पादनको प्रवृत्ति

पछिल्लो वर्षहरुमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको छ। आधुनिक कृषि खेती तथा उन्नत बीउको प्रयोग र सिँचाइ सुविधाले धान बालीको उत्पादकत्वमा केही वृद्धि भएको हो। समीक्षा वर्षमा धान बालीको क्षेत्रफलमा कमी आए पनि उत्पादकत्वमा भने कमी आएको छैन (तालिका ३.२)।

तालिका ३.२: धान बालीको उत्पादन

आर्थिक वर्ष	क्षेत्रफल (हजार हेक्टरमा)	उत्पादन (हजार मेट्रिक टनमा)	उत्पादकत्व (मे.टन प्रति हेक्टर)
२०७१/७२	१४२६	४७८९	३.४
२०७२/७३	१३६३	४२९९	३.२
२०७३/७४	१५५२	५२३०	३.४
२०७४/७५	१४६९	५१५२	३.५
२०७५/७६	१४९२	५६१०	३.८
२०७६/७७	१४५९	५५५१	३.८
२०७७/७८	१५०७	५६९६	३.८
२०७८/७९	१४७७	५१३२	३.५
२०७९/८०	१४४७	५४८६	३.८
२०८०/८१	१४३८	५७२४	४.०
२०८१/८२	१४१९	५९५४	४.२
२०८२/८३	१३७९	५७२३	४.२

स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय

तरकारी : समीक्षा वर्षमा तरकारी उत्पादन १.६७ प्रतिशतले बढेको छ। गत वर्ष तरकारी उत्पादन ७.७२ प्रतिशतले बढेको थियो।

फलफूल : समीक्षा वर्षमा फलफूलको समग्र उत्पादन ०.२१ प्रतिशतले बढेको छ। गत वर्ष फलफूल उत्पादन ५.५९ प्रतिशतले घटेको थियो।

मसला : समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादन १.३४ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो उत्पादन १.४८ प्रतिशतले घटेको थियो।

प्रदेशगत स्थिति : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कोशी, मधेश, बागमती र गण्डकी प्रदेशमा घटेको छ। तरकारी उत्पादन कोशी, मधेश, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने गण्डकी र कर्णाली प्रदेशमा घटेको छ। फलफूलको उत्पादन मधेश, बागमती र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कोशी, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा घटेको छ। त्यसैगरी, समीक्षा वर्षमा मसला उत्पादन बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कोशी, मधेश, गण्डकी र कर्णाली प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.३७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ११.१३ प्रतिशत रहेको छ (अनुसूची तालिका २(ख))।

तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)

प्रदेश	उत्पादन (मेट्रिक टन)				प्रदेशगत हिस्सा (प्रतिशत)			
	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल	मसला	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल	मसला
कोशी	४३४४८९५	८३००८०	२३३७६०	१५६७९५	२३.९३	१६.५१	१६.७७	२२.०८
मधेश	४२२८१२३	१४७५५२८	५०१६१९	१४९२२३	२३.२९	२९.३५	३५.९८	२१.०२
बागमती	२१६३०८५	११४०६६७	१३१५६३	९१५४३	११.९१	२२.६९	९.४४	१२.८९
गण्डकी	१३३६५२५	३२८६२१	९८६००	५७५६२	७.३६	६.५४	७.०७	८.११
लुम्बिनी	३३७८६३४	६४७०१२	२३३६४७	१२४८११	१८.६१	१२.८७	१६.७६	१७.५८
कर्णाली	८२७९८८	२७३२७२	७४७४२	४४०५१	४.५६	५.४४	५.३६	६.२०
सुदूरपश्चिम	१८७७५०९	३३१६२२	१२०३५६	८६०४५	१०.३४	६.६०	८.६३	१२.१२
जम्मा	**१८१५६७६०**	**५०२६८०३**	**१३९४२८७**	**७१००३१**	**१००**	**१००**	**१००**	**१००**

स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, कृषि विकास कार्यालयहरु

खाद्य तथा अन्य बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २३.९३ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.५६ प्रतिशत रहेको छ। तरकारी तथा बागवानीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २९.३५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.४४ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३५.९८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.३६ प्रतिशत रहेको छ। मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.०८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.२० प्रतिशत रहेको छ (तालिका ३.३)।

३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

पशुजन्य उत्पादन : समीक्षा वर्षमा दूध उत्पादन ३.६४ प्रतिशतले बढेको छ। गत वर्ष दूध उत्पादन ३.४२ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा मासु उत्पादन ०.०९ प्रतिशतले घटेको छ भने गत वर्ष मासु उत्पादन ३.०१ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा अण्डा उत्पादन ५.७७ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन १.२७ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा ऊन उत्पादन ०.२८ प्रतिशतले बढेको छ र छाला उत्पादन ८.२७ प्रतिशतले घटेको छ (अनुसूची तालिका ३(क))।

माछा उत्पादन : समीक्षा वर्षमा माछा उत्पादन ६.२९ प्रतिशतले बढेको छ। गत वर्ष माछा उत्पादन १२.७९ प्रतिशतले बढेको थियो (अनुसूची तालिका ३(क))।

वनजन्य उत्पादन : समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ दाउरा उत्पादन १९.७४ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ६५.२६ प्रतिशतले बढेको छ भने काठ उत्पादन १.४० प्रतिशतले घटेको छ। गत वर्षको

सोही अवधिमा काठ उत्पादन ८.४३ प्रतिशतले बढेको थियो भने दाउरा उत्पादन १४.९१ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ११.७१ प्रतिशतले घटेको थियो (अनुसूची तालिका ४(क-ख))।


तालिका ३.४ प्रमुख पशुपन्छी तथा माछा उत्पादन

प्रदेश	उत्पादन				हिस्सा (प्रतिशत)			
	दूध (हजार लिटर)	मासु (मे.टन)	अण्डा (हजार गोटा)	माछा (मे.टन)	दूध	मासु	अण्डा	माछा
कोशी	५४४१९०	७५३७०	११३६३४	१४४५३	१७.९४	१३.३१	८.००	१३.७९
मधेश	६५६८१३	१५६१००	१२२०२४	५०७१८	२१.६५	२७.५६	८.५९	४८.३८
बागमती	६१९१२५	११३९१३	६०७१५७	६१११	२०.४१	२०.११	४२.७५	५.८३
गण्डकी	२४८७०४	५३४४०	२३१३५३	१६९२	८.२०	९.४४	१६.२९	१.६१
लुम्बिनी	५५१८४९	८६३९८	२२१७७१	१९८३७	१८.१९	१५.२६	१५.६१	१८.९२
कर्णाली	९४८००	२८९३६	३८४४४	२७८	३.१२	५.११	२.७१	०.२७
सुदूरपश्चिम	३१८१७५	५२१८२	८५९९६	११७३६	१०.४९	९.२१	६.०५	११.२०
जम्मा	३०३३६५६	५६६३३९	१४२०३७९	१०४८२५	१००	१००	१००	१००

स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, पशु सेवा कार्यालयहरु

दूध उत्पादनको हिस्सा सबैभन्दा बढी मधेश प्रदेशमा (२१.६५ प्रतिशत) रहेको छ (तालिका ३.४)। मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२७.५६ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४२.७५ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (४८.३८ प्रतिशत) रहेको छ (अनुसूची तालिका ३(ख))।

चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा




स्रोत : कृषि, वन तथा पर्यावरण मन्त्रालय, पशु सेवा कार्यालयहरु

३.४ सिँचाइ

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफल २.०० प्रतिशतले घटेको छ । गत वर्ष कुल सिँचित क्षेत्रफल १.१३ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ३८.५८ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २३.४५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.७७ प्रतिशत रहेको छ (अनुसूची तालिका ५ (क-ख))।

चार्ट ३.४ : सिँचाइ क्षेत्रफलमा भएको विस्तार (दश हजार हेक्टरमा)



स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु

देशको कुल सिँचित क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २३.९५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.४२ प्रतिशत रहेको छ (तालिका ३.५) ।

तालिका ३.५ : सिँचित क्षेत्रफलमा प्रदेशगत हिस्सा


प्रदेश	**क्षेत्रफल** (हेक्टरमा)	**हिस्सा** (प्रतिशतमा)
कोशी	३०१५२३	२३.९५
मधेश	२४४७२५	१९.४४
बागमती	११८१६०	९.३९
गण्डकी	१५३३२०	१२.१८
लुम्बिनी	२५६३४०	२०.३६
कर्णाली	५५६३०	४.४२
सुदूर पश्चिम	१२९०९२	१०.२६
जम्मा	**१२५८७८९**	**१००**

स्रोत: ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु

३.५ क्षेत्रगत कृषि कर्जा

२०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा २.०२ प्रतिशतले घटेर रु.३ खर्ब २९ अर्ब ९४ करोडमा सीमित भएको छ । कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.७८ अर्ब ७९ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा र सबैभन्दा कम सूर्तिमा रु.३० करोड ४७ लाख प्रवाह भएको छ (अनुसूची तालिका ६ (क-ख)) । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६.८८ प्रतिशत, मधेशको १८.१५ प्रतिशत, बागमतीको ३६.५७ प्रतिशत, गण्डकीको ६.९७ प्रतिशत, लुम्बिनीको १५.२२ प्रतिशत, कर्णालीको १.४९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.७४ प्रतिशत रहेको छ (चार्ट ३.५) ।

चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा (प्रतिशतमा)



स्रोत : सुपरिवेक्षकीय सूचना प्रणाली, नेपाल राष्ट्र बैंक

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

३.६.१ चुनौती

यस क्षेत्रको प्रमुख चुनौतीहरुमा कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, कृषि क्षेत्रको व्यावसायिकरण, बजारीकरण, औद्योगिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नु, स्थान विशेष सम्भावना, तुलनात्मक लाभ एवम् प्राथमिकताको आधारमा बाली, वस्तुको पकेटक्षेत्र विकास गरी व्यवसायिक एवम् प्रतिस्पर्धी कृषि प्रणालीको विकास गर्नु, गुणस्तरीय कृषि उत्पादनका लागि श्रोत सामाग्रीहरुको उपलब्धता सर्वसूलभ बनाउनु रहेका छन् । प्रदेशगत रुपमा कृषिक्षेत्रका चुनौतीहरु केही फरक प्रकृतिका भएपनि अधिकांश चुनौतीहरु समान प्रकृतिका छन् । प्रदेशगत रुपमा विद्यमान रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.६ मा दिइएको छ ।

तालिका ३.६ : कृषि क्षेत्रका प्रदेशगत चुनौती

प्रदेश	कृषि क्षेत्रका चुनौती
कोशी	• प्रदेशका पहाडी जिल्लाहरुमा श्रमशक्तिको अभाव भई खेतीयोग्य जमिन बाँझो रहनु तथा तराईको खेतीयोग्य जमिन अव्यवस्थित सहरीकरणका कारण खण्डीकरण हुँदै जाने प्रवृत्तिलाई रोकथाम गर्नु ।
मधेश	• आधुनिक कृषि प्रविधि, जलवायु-स्मार्ट कृषि प्रणाली, डिजिटल कृषि सेवा, बाली बीमा, रोग तथा कीट व्यवस्थापन, माटो परीक्षण, बाली चक्र तथा कृषि यान्त्रीकरणसम्बन्धी ज्ञान र सेवामा किसानहरूको पहुँच बढाउनु । • मधेश प्रदेशमा अधिकांश खेती अझै पनि वर्षामा निर्भर रहेको हुँदा सिँचाई व्यवस्था मजबुत पार्न नदीनाला, भूमिगत जल स्रोतहरु, नहर प्रणालीहरुलाई व्यवस्थित गर्नु ।
बागमती	• कृषि पूर्वाधारको विकास, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउ तथा मल, सिँचाइ, कृषि कर्जा तथा अनुदानलगायत कृषकलाई आवश्यक सेवा प्रभावकारी रूपमा उपलब्ध गराउनु । • कृषकदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खलालाई प्रभावकारी बनाई कृषक र उपभोक्तालाई अधिकतम लाभ उपलब्ध गराउनु ।

गण्डकी	• पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशु र पशुजन्य उपजको मुल्य निर्धारण प्रक्रिया वैज्ञानिक र व्यवहारिक बनाउनु तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु । • कृषि भूमिको संरक्षण तथा उपयोग गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु ।
लुम्बिनी	• जलवायु परिवर्तनका कारण पानीका स्रोत सुक्नु, खडेरी र अनियमित वर्षा बढ्नु, बालीमा रोग-किराको प्रकोप तथा सिँचाइ र जैविक विविधतामा समस्या देखिनु ।
कर्णाली	• अर्गानिक तथा रैथाने कृषि उपजहरुको पर्याप्त बजार पहुँच र प्रभावकारी वितरणका लागि आवश्यक पर्याप्त यातायात सुविधा, चिस्यान केन्द्र लगायतका भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गर्नु । • परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।
सुदूरपश्चिम	• कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र विविधिकरण मार्फत agri-business linkage स्थापित गर्नु । • कृषि पूर्वाधारसँग सम्बन्धित अन्तर-सरकारी निकायहरुबीच आवश्यक समन्वय र सहकार्य बढाई गुणस्तरीय र रणनीतिक कृषि आयोजना तथा कृषि पूर्वाधार संयन्त्रको विकासमार्फत कृषिक्षेत्रमा सरकारी-निजी-सहकारी क्षेत्रको लगानी आकर्षित गर्नु ।

३.६.१ सम्भावना

भौगोलिक बनावट र हावापानीमा प्रदेशगत विविधता रहेकाले नेपालमा विभिन्न किसिमका कृषि उपज उत्पादन गर्न सकिने उल्लेख्य सम्भावना छ । सडक तथा सञ्चार सञ्जाल र डिजिटल प्रविधिको विस्तारबाट उत्पादनको बजार पहुँच र बिक्री-वितरणलाई थप प्रभावकारी बनाउन सकिन्छ । बढ्दो कृषिउपजको आयातलाई आन्तरिक उत्पादनले प्रतिस्थापन गर्न एवम् कृषि व्यवसाय उत्थानमुखी कार्यक्रम, सहुलियत, सुविधाहरु राज्यस्तरबाट उपलब्ध हुँदा व्यवसायिक कृषि पेशा प्रति आकर्षण बढ्ने सम्भावना उच्च रहेको छ । प्रत्येक प्रदेशले आफ्नो विशेषताअनुकूल तुलनात्मक लाभ भएका बाली तथा कृषि उपजमा जोड दिई अन्तरप्रदेशीय व्यापार विस्तार गर्न सक्ने सम्भावना पनि रहेको छ । प्रदेशअनुसारका सम्भावनाहरू तालिका ३.७ मा समेटिएका छन् ।

तालिका ३.७ : कृषि क्षेत्रका प्रदेशगत सम्भावना

प्रदेश	कृषि क्षेत्रका सम्भावना
कोशी	• इलाम, पाँचथर, धनकुटा र संखुवासभा जिल्लाहरुमा क्रमिक रुपमा बिस्तार हुँदै गएको व्यावसायिक किवी खेती, एभोकाडो, अकबरे खोर्सानी, रुद्राक्ष, कफी खेती व्यवसायले स्थानीयस्तरमा रोजगारीको सृजना हुनुका साथै कृषिजन्य आयातलाई प्रतिस्थापन गर्न सकिने । • आ.व. २०८३/८४ को प्रादेशिक बजेट वक्तव्यमा कृषि उपजको प्रशोधन तथा बजारीकरण गरी व्यवसाय विस्तार गर्न कृषि कर्जामा ब्याज अनुदान प्रदान गर्न बजेट विनियोजन भएकोले कृषिजन्य व्यवसाय विस्तार गर्न सकिने ।
मधेश	• जनसंख्याको हिसाबले दोश्रो स्थानमा रहेको र श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजार विस्तार गर्न सकिने । • समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाइ सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।
बागमती	• पहाडी जिल्लामा बाँझो जमिनलाई नगदे बालीका लागि व्यवस्थित रूपमा उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व दीर्घकालीन रूपमा वृद्धि हुन सक्ने ।

	• कृषि पर्यटन, ग्रामीण विद्युतीकरण (कृषि फर्मलाई सहयोग हुने गरी), कृषि सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रम तथा नवीन प्रविधिमार्फत व्यावसायिक कार्यक्रम ल्याई पर्यटकहरूलाई Agrotourism तर्फ आकर्षित गर्न सकिने ।
गण्डकी	• "प्रदेश सरकारको साझेदारी: बाँझो रहन्न खेतबारी", सामुहिक चक्लाबन्दी, करार खेती, गाउँ फर्कौं अभियान, सहुलियतपूर्ण कृषि अनुदान, एक वडा एक उत्पादन, विशेष पकेट ब्लक कार्यक्रम, डिजिटल कृषि तथा किसान सूचीकरण प्रणाली, कृषि पर्यटन प्रवर्द्धन जस्ता रणनीतिले कृषि क्षेत्रको विकासमा योगदान पुग्ने । • उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसायलाई थप व्यवस्थित र प्रवर्द्धन गरी ऊन, दुध, छुर्पी र मासुको उत्पादन वृद्धि गर्न सकिने । साथै, अन्य पहाडी जिल्लाहरूमा व्यावसायिक बाख्रापालन, गाई/भैंसीपालन गर्न सकिने ।
लुम्बिनी	• पहाडी जिल्लामा प्रशस्त मात्रामा प्राकृतिक घाँस पाईने हुनाले पशुपालनलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय उत्पादनमा जोड दिन सकेमा कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गरी कृषकको आम्दानी बढाउन सकिने । • समयमै उन्नत बीउविजन तथा मलको उपलब्धता, सिँचाइ सुविधा, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, पहाडी भागहरुमा बाँदर, बदेल तथा अन्य वन्यजन्तुबाट कृषि तथा पशुपालनमा हुने क्षतिलाई नियन्त्रण गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने ।
कर्णाली	• उच्च मूल्यका निर्यातयोग्य रैथाने कृषि वस्तुहरुको उत्पादन बढाई तिनको ब्राण्डिङ्ग गरी अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने । • कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने ।
सुदूरपश्चिम	• राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, एक स्थानिय तह: दुई उत्पादन, स्थानीय तह विशेष पकेट क्षेत्र कार्यक्रम, प्राङ्गारिक कृषि प्रर्वद्धन कार्यक्रम, खेतीयोग्य बाँझो जमिन सदुपयोग कार्यक्रम, युवा लक्षित व्यावसायिक तरकारी खेती/मौरीपालन कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेकाले रोजगारी तथा उत्पादन वृद्धि हुन सक्ने । • यस क्षेत्रमा निर्माणाधीन रानीजमरा कुलरिया सिँचाइ र महाकाली सिँचाइ परियोजना जस्ता बहुवर्षीय तथा बहुउद्देश्यीय राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य साना सिँचाइ विकास कार्यक्रमले सिँचाइ विस्तार भई कृषि उत्पादन बढाउन सकिने ।

परिच्छेद ४ : उद्योग क्षेत्र

४.१ उद्योगको विवरण

आर्थिक वर्ष २०८२/८३ मा उद्योग विभागमा पर्यटन क्षेत्रमा २३१, सेवा अर्न्तगत ७९, उत्पादनमूलक क्षेत्रमा १४९, ऊर्जामा २७, सूचना तथा प्रविधिमा ३३३, कृषि तथा वनमा २५ र खनिजजन्यमा १३ गरी कुल ८५७ उद्योगहरु दर्ता भएका छन् । यसमध्ये ८२ वटा ठूला, ७८ वटा मझौला र ६९७ वटा साना उद्योगहरु रहेका छन् । उक्त उद्योगहरुमा रु. ५ खर्ब १२ अर्ब ९१ करोडको कुल पूँजी परिचालन भई ४३ हजार ४ सय ४ रोजगारी प्रस्ताव गरिएको छ ।

तालिका ४.१ : आ.व. २०८२/८३ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण

प्रदेश	उद्योगको संख्या	कुल पूँजी (रु. दश लाखमा)	कुल स्थिर पूँजी (रु. दश लाखमा)	चालु पूँजी (रु. दश लाखमा)	रोजगारी
कोशी	४७	१२५४०४	११८८०८	६५९६	३८७९
मधेश	५०	३०१६१	२४५०७	५६५४	३३४१
बागमती	६४७	१५१२९२	१०३५०१	४७७९२	२८६४९
गण्डकी	५०	८५०६५	७७८०८	७२५६	२०६२
लुम्बिनी	४९	२२९२७	१८१५१	४७७६	४७१८
कर्णाली	५	१५०	११८	३२	१६३
सुदूरपश्चिम	९	९७९१८	९४८८६	३०३२	५९२
जम्मा	**८५७**	**५१२९१७**	**४३७७७९**	**७५१३८**	**४३४०४**

स्रोत : उद्योग विभाग, २०८२/८३

आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका कुल ८५७ उद्योगहरु मध्ये सबैभन्दा बढी ६४७ उद्योग बागमती प्रदेशमा दर्ता भएका छन् ।

तालिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण

प्रदेश	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
कोशी	३२	४२	३९	२४	४२	४७
मधेश	२१	४८	३६	२४	३०	५०
बागमती	८९	१३१	१६९	२९०	५४३	६४७
गण्डकी	२९	२४	२९	३३	३०	५०
लुम्बिनी	२५	५१	४२	३८	४३	४९
कर्णाली	०	३	०	०	१	५
सुदूरपश्चिम	७	१०	७	२५	११	९
जम्मा	**२०३**	**३०९**	**३२२**	**४३४**	**७००**	**८५७**

स्रोत : उद्योग विभाग, २०८२/८३


४.२ उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा वर्षमा अध्ययनमा समेटिएका १९२ उद्योगहरुको औसत क्षमता उपयोग ४८.१३ प्रतिशत रहेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा औसत क्षमता उपयोग ५१.४३ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगमध्ये भटमास तेल उद्योगको क्षमता उपयोग सबैभन्दा बढी (९२.४१) प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम (२.३६ प्रतिशत) रहेको छ (अनुसूची तालिका ७ (क)) ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये भटमासको तेल, गहुँको पिठो, पशुदाना, विस्कुट, चिनी, चाउचाउ, प्रशोधित चिया, मदिरा, वियर, हल्का पेय पदार्थ, धागो, पश्मिना, गार्मेण्ट, गलैंचा, काठ चिरान, रोजिन, रंग, ईटा, सिमेण्ट, कंक्रीट, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, टान्सफर्मर र कपडाको जुत्ता उत्पादन गर्ने

उद्योगको क्षमता उपयोग बढेको छ। वनस्पति घिउ, तोरीको तेल, प्रशोधित दूध, चामल, चकलेट, चुरोट, सिन्थेटिक कपडा, जुटका सामान, प्लाईउड, कागज, औषधी ट्याबलेट, क्यापसुल, ओइन्टमेण्ट, ड्राई सिरप, लिक्विड, साबुन, प्लाष्टिकका सामान, पोलिथिन पाइप, फलामको छड तथा पत्तिको सामान, स्टिलजन्य उत्पादन, जि.आई तार, जि.आई पाइप, बिजुलीका तार र केबुल, टायर तथा ट्युव, छालाको जुत्ता र चप्पल, उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ।


चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा)



स्रोत : अध्ययनमा समेटिएका उद्योगहरु।

सातै वटा प्रदेशको अघिल्लो आर्थिक वर्ष र समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग चार्ट ४.२ मा देखाइएको छ। समीक्षा वर्षमा कोशी, मधेश, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ भने बागमती र कर्णाली प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ।

चार्ट ४.२ : प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)




स्रोत : अध्ययनमा समेटिएका उद्योगहरु।

४.३ क्षेत्रगत औद्योगिक कर्जा

बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा ८.६४ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४६ अर्ब २९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ११.९५ प्रतिशतले बढेको थियो।

कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३१.०२ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३३.३७ प्रतिशत, विद्युत ग्याँस तथा पानीसम्बन्धी उद्योगमा २७.२६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २१.६४ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा १३.२४ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ३.९१ प्रतिशत र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा ०.५७ प्रतिशत कर्जा प्रवाह भएको छ।

चार्ट ४.३ : औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)



स्रोत : बैंक तथा वित्तीय संस्थाहरु

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.१३ खर्ब ३४ अर्ब ३५ करोड कर्जा लगानीमा रहेको छ। औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.४ प्रतिशत, मधेश प्रदेशको ७.० प्रतिशत, बागमती प्रदेशको ७२.३ प्रतिशत, गण्डकी प्रदेशको १.६ प्रतिशत, लुम्बिनी प्रदेशको ८.० प्रतिशत, कर्णाली प्रदेशको ०.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १.५ प्रतिशत रहेको छ (अनुसूची तालिका ९ (क-ख))।

तालिका ४.३ : प्रदेशगत औद्योगिक क्षेत्र कर्जा

प्रदेश	रकम (रु. दश लाखमा)	हिस्सा (प्रतिशत)
कोशी	१७३८२२.२	९.४
मधेश	१२८९७१.३	७.०
बागमती	१३३४३५०.९	७२.३
गण्डकी	२९०८८.०	१.६
लुम्बिनी	१४७२७६.३	८.०
कर्णाली	५०७४.०	०.३
सुदूरपश्चिम	२७७१५.१	१.५
जम्मा	१८४६२९७.९	१००.००

स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८३

४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

४.४.१ चुनौती

उद्योगको स्थापना तथा सञ्चालनमा प्रक्रियागत जटिलता हुनु, उद्योग सञ्चालनका लागि राजनीतिक अस्थीरता, कमजोर औद्योगिक पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुको विविधीकरणमा कमी, सडक पूर्वाधार समयमै पुननिर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न हुनु, युवाहरु विदेश पलायन हुनाले श्रमिकको कमी हुनु, स्वदेशमै लगानी गरी मुलुकमै स्वरोजगारका अवसर बढाउने तथा विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु, गैरभन्सारजन्य अवरोधका कारण निर्यातमा अवरोध कायम रहनु तथा सरकारले पुँजीगत खर्च गर्न नसकेको कारणले औद्योगिक क्षेत्रमा अझै पनि चुनौतीहरु रहेका छन् । उद्योग क्षेत्रका अन्य प्रदेशगत चुनौती तालिका ४.४ मा दिइएको छ ।

तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती

प्रदेश	चुनौती
कोशी	• कच्चा पदार्थको आयातमा ढुवानी तथा भन्सार प्रक्रियामा सहजीकरण गरी गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै औद्योगिक उत्पादनलाई आयातित वस्तुहरूसँग प्रतिस्पर्धी बनाउनु । • विश्व बजारमा आपूर्तिजन्य असहजता कायमै रहेको, करका प्रावधानहरू परिवर्तन भई रहेको, भारतको आफ्ना उद्योगको संरक्षणमुखी कर नीति, भारतमा निर्यात हुने केही वस्तुहरू (स्टील, सिमेन्ट, प्लाष्टिक, विद्युतीय सामग्री) आदिमा Bureau of Indian Standards (BIS) Certification को अनिवार्यताका कारण निर्यातजन्य उद्योगमा चुनौती थपिने ।
मधेश	• औद्योगिक क्षेत्रमा सौहार्दपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु । • अधिकांश उद्योगहरू कम क्षमतामा सञ्चालित रहेकाले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै श्रमिक, ऊर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्थाको अन्त्य गर्दै औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
बागमती	• गुणस्तरीय उत्पादनमा जोड दिदै अन्तर्राष्ट्रिय बजारमा बलियो उपस्थिति जनाउन आधुनिक प्रविधिको उपयोग एवम् अनुसन्धान र नवप्रवर्तन (R&D) मा पर्याप्त लगानी बढाउनु । • विश्वबजारमा आपूर्तिजन्य असहजता र गैर भन्सार अवरोधका कारण निर्यातमा रहने अवरोधलाई दीर्घकालिन समाधान गर्नु ।
गण्डकी	• स्थानीय स्रोत तथा कच्चा पर्दाथको उपयोग गरी तुलनात्मक लाभ भएका वस्तुहरु उत्पादन गरी विदेशी उत्पादनसँग मुल्य र गुणस्तरमा प्रतिस्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्नु । • औद्योगिक पूर्वाधारको अपर्याप्तता साथै दक्ष र प्रविधिमैत्री मानव पुँजीको अभावका कारण उद्योग आफ्नो पूर्ण क्षमतामा सञ्चालन नहुनु ।
लुम्बिनी	• वैदेशिक रोजगारमा जाने युवाहरुको संख्या उल्लेख्य रुपमा वृद्धि भईरहेकोले स्थानीय स्तरमा उद्योगको लागि दक्ष जनशक्ति पूर्ति गर्ने । • सडक पूर्वाधारका कारण ढुवानी खर्चमा वृद्धि भएकोले मूल्य सन्तुलन कायम राख्नु ।
कर्णाली	• सञ्चालनमा रहेका उद्योगहरुको क्षमता उपयोग अभिवृद्धि गर्नु, उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै बाह्य उद्योगहरुसँगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु । • स्थापना भएका उद्योगहरु पुँजी अभाव तथा बजारीकरणको समस्याका कारण बजारबाट विस्थापित हुँदै जाने क्रम बढेकाले आवश्यक समन्वय तथा सहयोग गरी स्थापित उद्योग कल कारखानाहरुलाई जोगाउनु ।
सुदूरपश्चिम	• अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नु । • उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, इन्धनको आपूर्ति श्रृखंलालाई सहज र भरपर्दो बनाउनु ।

४.४.२ सम्भावना

प्राकृतिक स्रोतहरुको उपलब्धता, बढ्दो बैंकिङ पहुँच, घट्दै गरेको ब्याजदर, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, आधुनिक प्रविधिको प्रयोग, प्राकृतिक प्रकोप लगायत विपत्तिका कारण समयमै पूर्वाधार, आयोजनाहरुको पुनर्निर्माण गर्नुपर्ने आवश्यकता बीच औद्योगिक उत्पादनको मागमा वृद्धि हुने सम्भावना लगायत कारणहरुले उद्योग क्षेत्रमा राम्रो सम्भावना रहेको छ। सिमेन्ट, स्टील, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ। उद्योग क्षेत्रका अन्य प्रदेशगत सम्भावना तालिका ४.५ मा दिइएको छ।

तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना

प्रदेश	सम्भावना
कोशी	• विराटनगर-कोलकाता रेल कार्गो सञ्चालनले सुनसरी-मोरङ औद्योगिक करिडोरका ठूला उद्योगहरूको ढुवानी लागत घटाई उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउनुका साथै अन्तर्राष्ट्रिय व्यापारलाई सहज बनाउन सकिने। • भारतसँगको निकटता र एकीकृत जाँच चौकीको सुविधाको कारण सञ्चालित उद्योगहरूलाई कच्चा पदार्थ आयात गर्न र उत्पादित सामान सहजै निर्यात गर्न सजिलो भएकाले थप उद्योगहरूको स्थापना र विकास हुन सक्ने। • अलैंची, चिया, अदुवा, कफी, अल्लो, चिरैतो जस्ता उच्च मूल्यका कृषि उपजहरूसँग सम्बन्धित उद्योगहरुको पहिचान र स्थापना गर्न उत्प्रेरित गर्ने र निर्यात प्रवर्द्धन गर्ने।
मधेश	• धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योगहरू जस्तैः खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्न सकिने। • मुलुकको सबैभन्दा बढी जनघनत्व र दोस्रो बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने।
बागमती	• घट्दो ब्याजदरको अवस्थामा उद्योगीहरूले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गरी औद्योगिक उत्पादन र रोजगारी बढाउन सक्ने। • हिमाली भेगको पानी र जडिबुटी प्रशोधन/ब्राण्डिङ गरी बिक्री वितरण गर्ने निर्यात उद्योगहरूको क्षमता विस्तार तथा थप उद्योग स्थापना गरी निर्यात गर्न सकिने। • हरित ऊर्जाको उपयोग गरी विद्युतीय सवारी साधन जस्ता वातावरणमैत्री 'ग्रीन उद्योग' मा नेतृत्वदायी भूमिका खेल्न सक्ने।
गण्डकी	• आर्थिक वर्ष २०८३/८४ को प्रादेशिक बजेटमा स्थानीय स्तरमा उद्यमशीलता, उत्पादन र रोजगारी अभिवृद्धि गर्न तीन तहको साझेदारी र समन्वयमा सञ्चालन हुने नवप्रर्वतन साझेदारी कार्यक्रमलाई जोड दिएकाले उद्योग विकासमा योगदान पुग्ने। • स्थानीय कच्चापदार्थ र तुलनात्मक लाभका क्षेत्रमा आधारित उत्पादनमूलक उद्योग स्थापना तथा परम्परागत उद्योगको आधुनिकीकरण र उत्पादन ब्रान्डिङ गर्न सकिने। • गण्डकी प्रदेश देशको पर्यटकीय राजधानी समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकास गर्न सकिने।
लुम्बिनी	• आवश्यक कच्चा पदार्थको सहज उपलब्धता तथा Sponge iron को आयातमा न्यून भन्सार लागतको कारण स्टील उद्योगहरुको क्षमतामा वृद्धि हुने। • भैरहवास्थित विशेष आर्थिक क्षेत्रमा निर्यातजन्य नयाँ उद्योगहरु सञ्चालनमा आउने क्रम बढेकोले यस क्षेत्रमा औद्योगिक उत्पादनमा वृद्धि हुनुका साथै निर्यात वृद्धि गर्न सकिने।

	• नेपालगञ्ज सुख्खा वन्दरगाहमा Integrated Check Post (ICP) निर्माण अन्तिम चरणमा रहेको हुँदा सञ्चालन पश्चात् व्यापार सहजीकरण तथा राजस्व संकलन वृद्धि हुन सक्ने । • दाङ, अर्घाखाँची तथा पाल्पा जिल्ला प्राकृतिक रुपले चुन ढुङ्गा (लाइमस्टोन) जस्ता कच्चा पदार्थले सम्पन्न भएकाले उत्पादन लागत कम हुने र सिमेण्ट उद्योग दिगो रुपमा सञ्चालन गर्न सकिने ।
कर्णाली	• ऊर्जामूलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने । • नेपालको कुल वन क्षेत्रको करिव २० प्रतिशत हिस्सा ओगटेको यस प्रदेशमा वनजन्य उत्पादन राम्रो हुने गरेकोले वन पैदावरसम्बन्धी उद्योगको सम्भावना रहेको । • कोहलपुर-सुर्खेत १३२ के.भि. प्रशारण लाईन सञ्चालनमा आएको हुँदा मझौला तथा ठूला उद्योग विस्तार गर्न सकिने । • दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन प्रक्रियाको प्रारम्भिक नतिजा सकारात्मक रहेकोले खानीजन्य उद्योग सञ्चालन गर्न सकिने ।
सुदूरपश्चिम	• पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह क्षमता भएका नदीहरुबाट जलविद्युतको उत्पादन तथा निर्यात गरी ऊर्जामूलक उद्योगको विकास तथा प्रवर्द्धन गर्न सकिने । • उच्च पहाडी तथा हिमाली क्षेत्रमा पाईने जडिबुटी तथा औषधीजन्य पदार्थको खोज, अध्ययन-अनुसन्धान, संकलन र प्रशोधन गरी प्राकृतिक औषधी उत्पादन गर्न सकिने । • कैलाली र कञ्चनपुर जिल्लामा उद्योगको लागि आवश्यक न्यूनतम पूर्वाधारको विकास भईसकेको परिप्रेक्ष्यमा औद्योगिक क्षेत्रको विकास गर्न सकिने ।

बक्स नं. १ रिद्धि सिद्धि सिमेन्ट, मकवानपुर



वागमती प्रदेशको मकवानपुर जिल्लाको रातोमाटेमा अवस्थित रिद्धि सिद्धि सिमेन्ट वि.सं.२०७३ फागुनमा पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो । वि.सं.२०७५ देखि व्यावसायिक उत्पादन सुरु गरेको रिद्धि सिद्धि सिमेन्टले मुख्य रुपमा क्लिंकर र सिमेन्ट उत्पादन गर्दै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ सम्ममा कम्पनीको अधिकृत पूँजी ५ अर्ब रुपैयाँ र चुक्ता पूँजी ३.२९ अर्ब रुपैयाँ रहेको छ । उद्योग शतप्रतिशत आन्तरिक शेयर तथा ऋण लगानीमा सञ्चालित छ । उद्योगको कुल ऋण १०.८१ अर्ब रुपैयाँ रहेको छ । यस फर्मले व्यवसाय विस्तार तथा क्षमता अभिवृद्धि गर्ने क्रममा बैंकबाट कर्जा उपभोग गरिरहेको छ ।

हाल यस कम्पनीले १९४ जना व्यक्तिहरूलाई रोजगारी दिएको छ । जसमध्ये १६९ जना पुरुष र २५ जना महिला कर्मचारी रहेका छन् । साथै, यस कम्पनीले समुदायप्रति आफ्नो दायित्वलाई बुझ्दै संस्थागत सामाजिक उतरदायित्व अन्तर्गत विभिन्न रणनीतिक कार्यक्रमहरूमार्फत दिगो एवम् सकारात्मक प्रभावहरू सिर्जना गर्दै आइरहेको छ ।

ऊर्जा खपततर्फ उद्योगले नेपाल विद्युत प्राधिकरणको केन्द्रीय प्रसारण लाइनका साथै जेनेरेटर, कोइला र डिजेलको प्रयोग गर्दै आएको छ । बजारमा सिमेन्टको न्यून मागका कारण उद्योगले आफ्नो कुल क्षमताको ५५% मात्र उपयोग गर्न सकेको छ । यसका साथै स्थानीय स्तरमा हुने अवरोध, पाटपुर्जा आयातमा लाग्ने समय र लोडसेडिङ तथा प्रशासनिक ढिलासुस्तीका कारण उत्पादन लागत बढ्नु उद्योगका मुख्य चुनौतीहरू रहेका छन् ।

स्रोत : स्थलगत सर्वेक्षण


परिच्छेद ५: सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन् ।

५.१ पर्यटन

सन् २०२५ मा नेपाल आगमन गर्ने पर्यटक संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ०.९५ प्रतिशतले वृद्धि भई ११ लाख ५८ हजार ४ सय ५९ जना पुगेको छ (चार्ट ५.१) । अघिल्लो वर्ष सो संख्या ११ लाख ४७ हजार ५ सय ४८ रहेको थियो । नेपाल भ्रमणमा आएका पर्यटकहरुमध्ये २५.२४ प्रतिशत पर्यटक भारतबाट, ८.२४ प्रतिशत चीनबाट र ६६.५१ प्रतिशत अन्य मुलुकका रहेका छन् ।

चार्ट ५.१ : पर्यटक आगमन संख्या (हजारमा)



स्रोत: नेपाल पर्यटन बोर्ड, २०२५

नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार २०८३ असार मसान्तसम्ममा ९ वटा आन्तरिक हवाई सेवा कम्पनी र २९ वटा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनी गरी समग्रमा ३८ वटा हवाई सेवा कम्पनीहरुले नेपालमा सेवा दिईरहेका छन् । यसैगरी, समग्रमा हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता १६.१० प्रतिशतले घटेर ११ हजार ७ सय ३३ पुगेको छ, जसमा आन्तरिक हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २ हजार ३ सय ३३ रहेको छ भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता ९ हजार ४ सय रहेको छ ।

बक्स नं.२ लाङटाङ्ग राष्ट्रिय निकुञ्ज, आकर्षक पर्यटकीय गन्तव्य

पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा रसुवा, दक्षिणमा नुवाकोट जिल्लाका केही भुभागहरु समेटी उत्तरमा मित्रराष्ट्र चीनसम्म करिब १७१० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको लाङटाङ्ग राष्ट्रिय निकुञ्ज वि.सं. २०५५ सालमा स्थापना भएको हो । प्राकृतिक सुन्दरता, जैविक विविधता, धार्मिक तथा साँस्कृतिक सम्पदा, ताल, हिमश्रृंखला, पर्वतारोहण, हिमाली पदयात्राका कारण यो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकहरुको मुख्य आकर्षणको केन्द्र बनेको छ ।

विशेषगरी लाङटाङ्ग लिरुङ्ग (७,२४३ मि.), हिमालचुली (७,८६४ मि.) जस्ता अग्ला हिमालहरुले यस निकुञ्जको प्राकृतिक सुन्दरता बढाएका छन् । यस निकुञ्जबाट निस्कने नदीहरु त्रिशुली पश्चिमतर्फ र सुनकोशी पूर्वतर्फ बगेका छन् । यस निकुञ्जमा चितुवा, हाब्रे (Red Panda), कस्तुरी मृग, हिमाली भालु, थार, घोरल, रातो बाँदर, लङ्गुर जस्ता वन्यजन्तु पाईन्छन् । त्यसैगरी, खोटे सल्ला, गोब्रे सल्ला, गुरास, विभिन्न किसिमका वनस्पति, फूल तथा चराचुरुङ्गीहरुले यस क्षेत्रको जैविक विविधतालाई मलजल गरेको पाईन्छ ।




स्रोत: Clicked by Santosh Paneru

यस निकुञ्जमा हिन्दु तथा बौद्ध धर्मको पवित्र धार्मिकस्थल गोसाइँकुण्ड ताल र तिब्बती धर्मको 'बोन पो' गुम्बा, साहसिक पदयात्राको लागि लाङटाङ्ग पदमार्ग, लाङटाङ्ग क्षेत्र वरिपरी रहेको क्यान्जिन री र सेर्को री पिक, लाङटाङ्ग हिमनदीजस्ता धार्मिक तथा पर्यटकीय स्थलहरु रहेकोले प्रत्येक वर्ष हजारौ तीर्थयात्री र पर्यटकहरु यस क्षेत्रमा पुग्ने गर्दछन् । पर्यटन गतिविधिको विस्तारसँगै यस क्षेत्रको स्थानीय स्तरमा होटल, लज, यातायात, हस्तकलाका सामग्री, पर्वतारोहण सम्बन्धी व्यवसाय लगायतका आर्थिक गतिविधिमा वृद्धि भई रोजगारी र आयआर्जनका अवसर सिर्जना भएका छन् । यसले स्थानीय अर्थतन्त्रलाई महत्वपूर्ण योगदान गरेको देखिन्छ । यद्यपी सडक तथा अन्य पूर्वाधारको सीमितता, प्राकृतिक विपद, वातावरणीय संरक्षणको चुनौती तथा गुणस्तरीय पर्यटन सेवाको अभाव जस्ता चुनौतीहरु टड्कारो रुपमा रहेको देखिन्छ । साथै, २०८३ भदौ १० मा भोटेकोशी-त्रिशुली नदीमा आएको बिनासकारी बाढीले पर्यटनजन्य व्यवसाय, सडक लगायतका भौतिक पूर्वाधारमा भएको क्षतिका कारण यस प्रदेशको पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ ।

लाङटाङ्ग राष्ट्रिय निकुञ्ज प्राकृतिक धार्मिक, साँस्कृतिक तथा साहसिक पर्यटनका दृष्टिले बागमती प्रदेशको एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो । यस क्षेत्रको दिगो संरक्षण र व्यवस्थित पर्यटन विकासमार्फत प्रदेशको आर्थिक तथा सामाजिक विकासमा थप योगदान गर्न सक्ने सम्भावना रहेको छ ।

स्रोत: स्थलगत सर्वेक्षण ।

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०८२/८३ मा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत आर्थिक वर्षको तुलनामा १.२५ प्रतिशतले कमी भई ५ लाख २४ हजार २ सय ८ कायम भएको छ । गत वर्ष सो संख्या ५ लाख ३० हजार ८ सय ६२ रहेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा २.०४ प्रतिशतले घटेर रु.३६ अर्ब ४९ करोड ९८ लाखमा सीमित भएको छ । गत वर्ष यस्तो राजस्व १७.९४ प्रतिशतले बढेको थियो । गत वर्ष ६.३५ प्रतिशतले बढेको घर/भवन नक्शा पास संख्या समीक्षा वर्षमा २.९८ प्रतिशतले घटेको छ ।


तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट

प्रदेश	घरजग्गा रजिष्ट्रेशन संख्या	घर/भवन स्थायी नक्सा पास संख्या	घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा)
कोशी प्रदेश	१०५१७५	५१५७	३८८७.२८
मधेश प्रदेश	११६२०७	२९२७	३२२७.५८
बागमती प्रदेश	१०४६२३	१४९३५	२०६०१.०२
गण्डकी प्रदेश	३२२२४	१७३२	२५५९.५०
लुम्बिनी प्रदेश	११०३५६	५१३०	४१९६.८२
कर्णाली प्रदेश	१८७३४	९७	५७८.२०
सुदूरपश्चिम प्रदेश	३६८८९	२१८४	१४४९.४०
जम्मा	**५२४२०८**	**३२१६२**	**३६४९९.७९**

स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८३

समीक्षा वर्षमा मधेश प्रदेशमा सबैभन्दा बढी १,१६,२०७ र कर्णाली प्रदेशमा सबैभन्दा कम १८,७३४ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ (तालिका ५.१)। यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १४,९३५ वटा घर/भवन स्थायी नक्शापास भएको छ।

चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)




स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८२/८३

ऋार्थिक वर्ष २०८२/८३ मा भएको कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २२.१७ प्रतिशत रहेको छ (चार्ट ५.२)। समीक्षा वर्षमा गत वर्षको तुलनामा कोशी प्रदेश र मधेश प्रदेश बाहेक बाँकी प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशनको संख्या बढेको छ (अनुसूची तालिका ११ (क-ख))।

५.३ वित्तीय सेवा

२०८३ असार मसान्तमा वाणिज्य बैंकका ४ हजार ९ सय ४१, विकास बैंकका १ हजार १ सय १२, वित्त कम्पनीका २ सय ९४ तथा लघुवित्त वित्तीय संस्थाका ४ हजार ९ सय ८५ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा ११ हजार ३ सय ३३ शाखाहरु सञ्चालनमा रहेका छन् (अनुसूची तालिका १२)। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २ हजार ९ सय २३ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय ८० शाखाहरु सञ्चालनमा रहेका छन् (चार्ट ५.३)।


चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या



स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८२/८३

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८२ असार मसान्तको तुलनामा १२.७२ प्रतिशतले वृद्धि भई रु.८२ खर्ब २३ अर्ब ३७ करोड पुगेको छ (चार्ट ५.४)। गत वर्ष यस्तो निक्षेप १२.४७ प्रतिशतले वृद्धि भएको थियो।


चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु. अर्बमा)



स्रोत : बैंक तथा वित्तीय संस्थाहरु,२०८२/८३

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ६.५४ प्रतिशतले वृद्धि भई रु.५९ खर्ब ५१ अर्ब ७९ करोड पुगेको छ (चार्ट ५.४) । अघिल्लो वर्ष यस्तो कर्जा ८.१७ प्रतिशतले वृद्धि भएको थियो । २०८३ असार मसान्तमा कुल कर्जा-कुल निक्षेप अनुपात ७२.३८ प्रतिशत रहेको छ । २०८२ असार मसान्तमा यस्तो अनुपात ७६.५७ प्रतिशत रहेको थियो । कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १०३.४६ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ५०.०७ प्रतिशत रहेको छ (चार्ट ५.५) ।

चार्ट ५.५ : प्रदेशगत कर्जा निक्षेप अनुपात (प्रतिशतमा)



स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८२/८३

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६४.०५ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ६०.९१ प्रतिशत रहेको छ (अनुसूची तालिका १३) ।

५.४ सेवा क्षेत्र कर्जा

२०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा २.२५ प्रतिशतले वृद्धि भई रु.२२ खर्ब ३३ अर्ब ९ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा ६.६ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३७.५२ प्रतिशत रहेको छ । सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४५.८७ प्रतिशत कर्जा प्रवाह भएको छ भने पर्यटन उपक्षेत्रमा १२.६० प्रतिशत, वित्त तथा बीमा उपक्षेत्रमा १२.२५ प्रतिशत, रियल स्टेट उपक्षेत्रमा ११.४८ प्रतिशत, शिक्षा उपक्षेत्रमा ७.०३ प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ३.५८ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्रमा ३.४५ र अन्य सेवा उपक्षेत्रमा ३.७५ प्रतिशत कर्जा प्रवाह भएको छ (अनुसूची तालिका ९ (क-ख)) ।

तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा

प्रदेश	रकम (रु.करोडमा)	हिस्सा (प्रतिशतमा)
कोशी	२१,८६१.८९	९.७९
मधेश	१८,७४२.१८	८.३९
बागमती	१,३६,७४६.४२	६१.२४
गण्डकी	१४,६६८.४५	६.५७
लुम्बिनी	२२,३५५.२२	१०.०१
कर्णाली	२,४१४.६२	१.०८
सुदूरपश्चिम	६,५२०.९६	२.९२
जम्मा	**२,२३,३०९.७४**	**१००.००**

स्रोत : बैंक तथा वित्तीय संस्थाहरु

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा धेरै ६१.२४ प्रतिशत रहेको छ (तालिका ५.२ र अनुसूची तालिका ९ (क-ख))।

५.५ यातायात तथा सञ्चार

५.५.१ यातायात

आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका सवारी साधनको संख्या आर्थिक वर्ष २०८१/८२ को तुलनामा १६.१५ प्रतिशतले वृद्धि भई ४ लाख ३७ हजार ४ सय ८ पुगेको छ। प्रदेशगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १ लाख ५८ हजार ३ सय ६५ सवारी साधन दर्ता हुँदा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ हजार ७ सय ८९ सवारी साधन दर्ता भएका छन् (तालिका ५.३)।

तालिका ५.३ सवारी साधन दर्ताको प्रदेशगत विवरण

प्रदेश	यातायातका साधनको कुल संख्या	हिस्सा हिस्सा (प्रतिशत)
कोशी	४१५९२	९.५१
मधेश	१०६८१९	२४.४२
बागमती	१५८३६५	३६.२१
गण्डकी	२६१८३	५.९९
लुम्बिनी	८४१५४	१९.२४
कर्णाली	४७८९	१.०९
सुदूर पश्चिम	१५५०६	३.५४
जम्मा	**४३७४०८**	१००.००

स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०८२/८३

५.५.२ सञ्चार

आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा कुल वितरित टेलिफोन संख्या २.१९ प्रतिशतले बढेर ३ करोड ३ लाख ७८ हजार ३ सय ५५ पुगेको छ। गत वर्ष यस्तो संख्या १७.९४ प्रतिशतले घटेर २ करोड ९७ लाख २७ हजार ९ सय १६ रहेको थियो।


२०८३ असार मसान्तमा कुल टेलिफोन सेवाको घनत्व १०४.१६ प्रतिशत रहेको छ भने २०८२ असार मसान्तमा यस्तो घनत्व १०१.९३ प्रतिशत रहेको थियो। टेलिफोन सेवामा ९८.६० प्रतिशत मोवाइल र १.४० प्रतिशत स्थाई सेवाको हिस्सा रहेको छ। समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा ५.२३ प्रतिशतले वृद्धि भई ३ करोड १३ लाख ५ हजार ८ सय ९४ पुगेको छ। गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या १२.५८ प्रतिशतले घटेको थियो। ब्रोडव्यान्ड सेवामा ८८.५८ प्रतिशत हिस्सा मोवाइलको, ११.३२ प्रतिशत हिस्सा फिक्स्ड वायर्डको र ०.१० प्रतिशत फिक्स्ड वायरलेसको रहेको छ। २०८३ असार मसान्तमा कुल ब्रोडब्याण्ड इन्टरनेट सेवाको घनत्व १०७.३४ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो घनत्व १०२ प्रतिशत रहेको थियो (अनुसूची तालिका १९)।

५.६ सहकारी क्षेत्र

समीक्षा वर्षमा प्रत्येक प्रदेशका १०/१० वटा सहकारी संस्थाका दरले नमूना छनौट गरी कुल ७० सहकारी संस्थाहरूको वित्तीय विवरण संकलन गरी अध्ययन गरिएको छ। उक्त विवरणको आधारमा सहकारीहरूको कुल पूँजी आर्थिक वर्ष २०८१/८२ को तुलनामा १.०७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कुल पूँजी ०.८४ प्रतिशतले घटेको थियो।

समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत ७.६० प्रतिशतले बढेको छ भने र कुल कर्जा ६.५० प्रतिशतले बढेको छ (अनुसूची तालिका १७(क-ख)।

चार्ट ५.६ : नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण (रु करोडमा)



स्रोत: नमूना छनौटमा परेका सहकारी संस्थाहरु, २०८२/८३

अघिल्लो आर्थिक वर्ष सहकारी संस्थाहरुको बचत ८.५४ प्रतिशतले बढेको थियो भने कर्जा १.६६ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्य संख्या २.६९ प्रतिशतले बढ्दा कर्मचारी संख्या २.५३ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या ३.०५ प्रतिशतले बढेको र कर्मचारी संख्या ३.७८ प्रतिशतले घटेको थियो ।

५.७ शिक्षा

अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार शैक्षिक सत्र २०८२ मा कुल विद्यालय संख्या ३५ हजार ९ सय ५१ रहेको छ । गत शैक्षिक सत्रमा सो संख्या ३५ हजार ८ सय ४७ रहेको थियो । कुल विद्यालयहरुमध्ये सामुदायिक विद्यालय २५ हजार ६ सय २३ वटा, संस्थागत विद्यालय ८ हजार ९ सय ४१ वटा र परम्परागत विद्यालय १ हजार ३ सय ८७ वटा रहेका छन् । शैक्षिक सत्र २०८२ मा सामुदायिक र संस्थागत विद्यालयमा कुल २ लाख ७१ हजार ३ सय ४४ शिक्षक कार्यरत रहेका छन् । यस अवधिमा कुल अध्ययनरत विद्यार्थीको संख्या ७० लाख ४० हजार ८ सय २५ रहेको छ ।

५.८ स्वास्थ्य

२०८२ फागुन मसान्तमा ४ सय २० अस्पताल, १ सय ८१ प्राथमिक स्वास्थ्य केन्द्र, ३ हजार ६ सय ३ स्वास्थ्य चौकी, ४ सय २६ आयुर्वेदिक औषधालय, ४ हजार ३ सय ४६ उपस्वास्थ्य चौकी गरी कुल ८ हजार ९ सय ७६ स्वास्थ्य संस्था रहेका छन् । यसैगरी, कुल अस्पताल शैया संख्या १८ हजार ६ सय ४० र जनशक्ति १ लाख ४ हजार ७ सय ९३ रहेको छ । (आर्थिक सर्वेक्षण, २०८२/८३) ।

बक्स नं.३: बुटवल अटो भिलेज

बुटवल उपमहानगरपालिका-२, रुपन्देहीस्थित अटो भिलेज अटोमोबाइल तथा अटो मेकानिक्स व्यवसायका लागि व्यवस्थित रुपमा विकास गरिएको क्षेत्र हो । यहाँ विभिन्न प्रकृतिका सवारीसाधन मर्मत, सर्भिसिङ, स्पेयर पार्ट्स, अटो इलेक्ट्रिकल, टायर, बडी निर्माण, सिट, इन्जिन मर्मत, फ्युल पम्प निर्माण, वर्कसप तथा अन्य अटोमोबाइल सम्बन्धी व्यवसाय सञ्चालनमा रहेका छन् ।



अटो भिलेजमा कुल ८ सय व्यवसाय रहेका छन् भने करिब १ हजार जना प्रत्यक्ष संलग्न व्यवसायीहरु रहेका छन् । साथै, करिब ८ हजार मेकानिक्स तथा श्रमिक कार्यरत रहेका छन् भने करिब ६ अर्ब लगानी रहेको छ ।

दक्ष जनशक्तिको न्यून उपलब्धता, पूर्वाधारको अभाव, फोहोर व्यवस्थापन, व्यवसाय विस्तारको लागि स्थानको अभाव लगायतका चुनौतीका बावजुत यस अटो भिलेजले अटोमोबाइल क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

स्रोत: बुटवल अटो इन्जिनियरिङ एशोसियसन, रुपन्देही

५.९ सेवा क्षेत्रको चुनौती तथा सम्भावना

५.९.१ चुनौती

प्रदेशगत रूपमा पर्यटन पूर्वाधार, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण एवम् प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकको आगमन र बसाइ अवधि वृद्धि गर्नु, ग्रामीण तथा दुर्गम क्षेत्रमा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार तथा डिजिटल सेवाको सहज पहुँच सुनिश्चित गर्नु, बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी निष्क्रिय कर्जा न्यूनीकरण गर्नु, वित्तीय साक्षरता तथा समावेशिता अभिवृद्धि गर्दै सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्नु, दक्ष जनशक्तिको पलायन रोक्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा तथा सीप विकासमार्फत स्वदेशमै रोजगारी सिर्जना गर्नु, विपद्बाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण, व्यवस्थित सहरीकरण तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नु प्रदेशगत विकासका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत चुनौती

प्रदेश	चुनौती
कोशी	• कोशी प्रदेशका पर्यटकीय गन्तव्यको पर्याप्त प्रचारप्रसार, पर्यटन पूर्वाधार, आवास, यातायात, सुरक्षा तथा डिजिटल सेवाको विकासमार्फत् पर्यटन प्रवर्द्धन गर्नु । • दुर्गम तथा हिमाली क्षेत्रमा यातायात, सञ्चार, डिजिटल प्रविधि, शिक्षा र स्वास्थ्य पूर्वाधारको विकास तथा गुणस्तरीय सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।
मधेश	• दक्ष जनशक्तिको व्यवस्थापन गर्दै स्वास्थ्य, शिक्षा, बैंकिङ तथा प्रशासनिक सेवाको पहुँच ग्रामीण क्षेत्रसम्म विस्तार गर्नु । • वित्तीय साक्षरता, वित्तीय समावेशिता र उत्पादनमुखी कर्जा परिचालन अभिवृद्धि गर्दै वित्तीय अपराध तथा अनौपचारिक कारोबार न्यूनीकरण गर्नु । • मिथिला कला, भाषा, साहित्य तथा साँस्कृतिक सम्पदाको संरक्षण, पर्यटन पूर्वाधारको विकास र व्यवस्थित सहरीकरणमार्फत पर्यटक आगमन तथा बसाइ अवधि वृद्धि गर्नु ।

बागमती	• बाढीबाट प्रभावित पर्यटन तथा व्यावसायिक पूर्वाधारको पुनर्निर्माण गर्दै प्रभावित व्यवसायको कर्जा व्यवस्थापन र ऋण असुलीमा सहजीकरण गर्नु । • बढ्दो सवारी चापअनुसार सडक पूर्वाधार तथा ट्राफिक व्यवस्थापन सुदृढ गर्दै स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको पर्याप्त व्यवस्थापन र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु ।
गण्डकी	• प्रमुख पर्यटकीय स्थलहरूमा आवश्यक पर्यटकीय पूर्वाधार, सूचना तथा गुणस्तरीय सेवाको व्यवस्था गरी पर्यटकको बसाइ अवधि लम्ब्याउनु तथा पर्यटकीय सम्पदाको दिगो संरक्षण, विकास तथा विस्तारलाई गुणस्तरीय बनाउनु । • ग्रामीण भेगका अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था गरी दुर्गम क्षेत्रका स्वास्थ्य संस्थासम्म जनशक्तिको उपलब्धता गराउनु ।
लुम्बिनी	• सहकारी संस्थाहरूको प्रभावकारी निरीक्षण तथा अनुगमन गरी देखिएका समस्याको समयमै समाधान गर्दै सहकारी क्षेत्रप्रति जनताको विश्वसनीयता कायम गर्नु । • सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै गएको अवस्थामा ती विद्यालयको शिक्षामा गुणस्तर कायम गर्ने र प्राविधिक शिक्षातर्फ समेत विद्यार्थीको आकर्षण बढाउनु ।
कर्णाली	• ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकास गर्दै आवश्यक पूर्वाधार, यातायात, सञ्चार र आवास सुविधाको विस्तारमार्फत् पर्यटक आगमन वृद्धि गर्नु । • ग्रामीण क्षेत्रमा वित्तीय तथा डिजिटल साक्षरता अभिवृद्धि गरी आधुनिक बैंकिङ प्रणाली र सूचना प्रविधिमा नागरिकको पहुँच विस्तार गर्दै डिजिटल विभेद न्यूनीकरण गर्नु । • प्रदेशका रङ्गशाला तथा सम्मेलन केन्द्रको पूर्ण उपयोग र स्वास्थ्य क्षेत्रको पूर्वाधार, दक्ष जनशक्ति तथा आधुनिक प्रविधिको विकासमार्फत् गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु ।
सुदूरपश्चिम	• सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै सीप विकास, उद्योग तथा व्यापार प्रवर्द्धन र सहकारी क्षेत्रको प्रभावकारी नियमनमार्फत स्वदेशमै रोजगारी सिर्जना तथा आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्नु । • दुर्गम क्षेत्रमा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत तथा सञ्चार सेवाको सहज पहुँच सुनिश्चित गर्दै वित्तीय साक्षरता, वित्तीय सुशासन र उत्पादनमुखी कर्जा परिचालनलाई प्रवर्द्धन गर्नु ।

५.९.२ सम्भावना

प्रदेशहरूमा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रवर्द्धन, पर्यटन पूर्वाधारको विकास र डिजिटल प्रचारप्रसारमार्फत आन्तरिक तथा बाह्य पर्यटन विस्तार गर्न सकिने सम्भावना रहेको छ । वित्तीय साक्षरता, डिजिटल बैंकिङ तथा वित्तीय पहुँच विस्तार गरी उत्पादनमूलक क्षेत्रमा कर्जा परिचालन बढाउन सकिने अवसर रहेको छ । सूचना प्रविधि, प्राविधिक शिक्षा, स्वास्थ्य सेवा तथा उद्यमशीलताको विकासमार्फत दक्ष जनशक्ति उत्पादन, निजी लगानी आकर्षण र रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ । साथै, यातायात, सञ्चार तथा भौतिक पूर्वाधारको विकासमार्फत सेवा क्षेत्रको गुणस्तर, उत्पादकत्व र आर्थिक योगदान अभिवृद्धि गर्न सकिने देखिन्छ ।

तालिका ५.५ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना

प्रदेश	सेवा क्षेत्रका सम्भावना
कोशी	• पर्यटन पूर्वाधार, डिजिटल प्रचारप्रसार तथा धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको प्रवर्द्धनमार्फत पर्यटन विकास, पर्यटकको आगमन तथा बसाइ अवधि वृद्धि गर्न सकिने ।

	• सडक, यातायात, सञ्चार, डिजिटल प्रविधि, जलविद्युत, विद्युतीय सवारी, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको विकासमार्फत निजी लगानी आकर्षण, दक्ष जनशक्ति उत्पादन र सेवा क्षेत्रको योगदान अभिवृद्धि गर्न सकिने ।
मधेश	• प्राविधिक शिक्षा, सीप विकास, डिजिटल प्रविधि तथा उद्यमशीलता प्रवर्द्धनमार्फत स्वास्थ्य, शिक्षा, वित्तीय सेवा, सूचना प्रविधि र अन्य सेवा क्षेत्रमा दक्ष जनशक्ति परिचालन तथा लगानी विस्तार गर्न सकिने । • धार्मिक, साँस्कृतिक, ऐतिहासिक, कृषि तथा मत्स्य पर्यटनको विकास गर्दै मिथिला कला, हस्तकला र स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत पर्यटन, रोजगारी तथा स्थानीय आय वृद्धि गर्न सकिने ।
बागमती	• आधुनिक प्रविधिमा आधारित ट्राफिक व्यवस्थापन, टेलिमेडिसिन तथा स्वास्थ्य जनशक्तिको व्यवस्थापन र डिजिटल स्वास्थ्य सेवाको विस्तारमार्फत यातायात तथा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सकिने । • स्मार्ट कक्षाकोठा, डिजिटल सिकाइ, शिक्षक दरबन्दी व्यवस्थापन तथा साहसिक, सांस्कृतिक र वेलनेस पर्यटनको प्रवर्द्धनमार्फत शिक्षा र पर्यटन क्षेत्रको गुणस्तर तथा आर्थिक सम्भावना अभिवृद्धि गर्न सकिने ।
गण्डकी	• पर्यटन पूर्वाधार, पदमार्ग तथा पर्यटनमैत्री सेवाको विकास, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र सडक सञ्जालको विस्तारमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने । • कालीगण्डकी करिडोर तथा अन्य यातायात सञ्जालको विकासमार्फत भारतीय तथा चिनियाँ पर्यटकको आगमन वृद्धि गर्दै पर्यटन तथा स्थानीय उद्यम व्यवसाय विस्तार गर्न सकिने ।
लुम्बिनी	• प्राविधिक शिक्षालय तथा स्वास्थ्य संस्थामा लगानी र सेवाको गुणस्तर अभिवृद्धि गरी स्वदेशी तथा विदेशी विद्यार्थी र बिरामीलाई आकर्षित गर्दै शैक्षिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न सकिने । • गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन तथा धार्मिक, सांस्कृतिक र पर्यटकीय गन्तव्यको विस्तार एवम् नयाँ पदमार्गको प्रवर्द्धन गर्नुका साथै क्रिकेट रङ्गशाला तथा सम्मेलन केन्द्रको पूर्ण उपयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र सम्मेलन आयोजना गर्दै पर्यटन तथा सेवा क्षेत्र विस्तार गर्न सकिने ।
कर्णाली	• प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय गन्तव्यमा होटल, लज तथा भौतिक पूर्वाधारको विकास र दशौँ राष्ट्रिय खेलकुदको आयोजनामार्फत पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न सकिने । • कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उत्पादित दक्ष जनशक्तिको उपयोग तथा स्वास्थ्य संस्थाको क्षमता विस्तारमार्फत गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न सकिने ।
सुदूरपश्चिम	• बैंकिङ तथा वित्तीय सेवाको विस्तार, वित्तीय साक्षरता र समावेशिता अभिवृद्धिमार्फत निक्षेप तथा कर्जा परिचालन वृद्धि गरी आर्थिक गतिविधि र रोजगारी प्रवर्द्धन गर्न सकिने । • गेटास्थित राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको सञ्चालन, गुणस्तरीय स्वास्थ्य शिक्षा तथा सेवा विस्तार र घरजग्गा कारोबारको विकासमार्फत लगानी, रोजगारी तथा आर्थिक गतिविधि अभिवृद्धि गर्न सकिने ।

परिच्छेद ६ :पूर्वाधार क्षेत्र

६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्र अन्तर्गत सडक लगायत प्रमुख पूर्वाधारहरुको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ ।

सडक

आर्थिक वर्ष २०८२/८३ सम्ममा २०,६५७ कि.मि. कालोपत्रे सडक, ९३१६ कि.मि. ग्राभेल सडक, ९७०१ कि.मि.कच्ची/नयाँ सडक र १५९ कि.मि. रिजिड पेभ्मेन्ट निर्माण भएको छ ।

तालिका ६.१: सडकको हालसम्मको प्रगति विवरण (कि.मी.)

विवरण	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
कालोपत्रे	१६६१४	१७२३२	१८०५२	१८८०८	२००४३	२०६५७
ग्राभल	८१७१	७८८८	८५१६	८८४४	९१३१	९३१६
कच्ची/नयाँ सडक	८९३१	८८७६	९०४३	९२१०	९५८०	९७०१
रिजिड पेभ्मेंट	-	-	-	-	९६	१५९
जम्मा	**३३७१६**	**३३९९६**	**३५६११**	**३६८६२**	**३८८५०**	**३९८३३**

स्रोत: सडक विभाग, २०८२/८३

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

पूर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उद्देश्यका साथ नेपाल सरकारबाट आ.व. २०६४/६५ देखि शुरु भएको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना आ.व. २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । मध्यपहाडी (पुष्पलाल) लोकमार्गको १ हजार ८ सय ७९ किलोमिटरमध्ये २०८२ असारसम्म १ हजार ५ सय १० किलोमिटर कालोपत्रे सम्पन्न भएकोमा आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म थप १९ किलोमिटर सडक कालोपत्रे भई १ हजार ५ सय २९ किलोमिटर पुगेको छ । लोकमार्गमा पर्ने १३७ पुलमध्ये २०८२ फागुनसम्म ११४ पुलको निर्माण सम्पन्न भएको छ । आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ८७.२६ प्रतिशत र भौतिक प्रगति ८४.६८ प्रतिशत रहेको छ ।

मदन भण्डारी राजमार्ग आयोजना

चुरे तथा भित्री मधेसका उपत्यकाहरू र सो क्षेत्रभित्र पर्ने खानी स्थलहरूलाई देशका प्रमुख शहरहरूसँग जोड्न कोशी प्रदेशको झापा जिल्ला, वेलडाँगीदेखि सुदुरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको बुडारे रुपालसम्म कुल १३९० कि.मी. लम्बाईमा निर्माणाधिन राष्ट्रिय महत्वको आयोजनाको रुपमा मदन भण्डारी राजमार्ग रहेको छ । यस आयोजनाको कार्यक्षेत्र भित्र पर्ने ७४० किलोमिटर सडकमध्ये २०८२ असारसम्म ३६५ किलोमिटर सडक कालोपत्रे भएको थियो । आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म थप ३०.५ किलोमिटर सडक कालोपत्रे भई २०८२ फागुनसम्म ३९५.५ किलोमिटर सडक कालोपत्रे भएको छ । यस राजमार्गमा पर्ने १८५ पुलमध्ये २०८२ असारसम्म १४४ पुल निर्माण भएकोमा थप एक गरी २०८२ फागुनसम्म १४५ पुल निर्माण भएको छ ।

महाकाली सिँचाइ आयोजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाइ आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो । यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ । सन् १९९६ मा नेपाल र भारत बीच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ । यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको

आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ । वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत रु.३५ अर्ब रहेको छ । आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८२/८३ सम्म पहिलो चरण र आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८७/८८ सम्म दोस्रो चरणमा सम्पन्न हुने यस आयोजनाको २०८२ फागुनसम्म भौतिक प्रगति २७.९८ प्रतिशत रहेको छ । आयोजना शुरु भए पश्चात् २०८२ फागुनसम्म मूल तथा शाखा नहर निर्माण कार्यको लागि २८५.९१ हेक्टर जग्गा अधिग्रहण गर्ने कार्य सम्पन्न भएको छ । हालसम्म Desettling and Basin कार्यको साथै ३५१.९० मी. स्केप क्यानल निर्माण कार्य सम्पन्न भएको छ । त्यसैगरी, ३२.८ कि.मि मूल नहर र ९ कि.मि शाखा नहरको निर्माण कार्य सम्पन्न भएको छ । २०८२ फागुनसम्म १ किलोमिटर मूल नहर र २ किलोमिटर शाखा नहरको साथै ४ नहर साइफनको निर्माण सम्पन्न भएको छ । यस अवधिमा ४ कि.मि तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ भने २ हेक्टर जमिन उकास भएको छ । आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ३०.६ प्रतिशत र भौतिक प्रगति ३१.० प्रतिशत रहेको छ ।

रानीजमरा कुलरिया सिँचाइ आयोजना

आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न हुने यस आयोजनाले ३८ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ । हालसम्म मूल इन्टेकको निर्माण कार्य, Desettling Basin निर्माण कार्य, Feeder Canal निर्माण कार्य, मूल नहरमा गेट जडानको कार्य र १४ कि.मि. लामो लम्की शाखा नहर परीक्षण कार्य सम्पन्न भएको छ । विद्युत गृह निर्माण कार्यको साथै ६.५ कि.मि प्रशारण लाइन सम्पन्न भई ४.७१ मेगावाट जलविद्युत उत्पादन भएको छ । यस अन्तर्गत १२० कि.मी. कृषि ग्रामीण सडकको स्तरोन्नती र पथरैया नदीमा तीन पुलको निर्माण कार्य सम्पन्न भएको छ । आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ७३.३७ प्रतिशत र भौतिक प्रगति ७४.८ प्रतिशत रहेको छ ।

नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ कि.मि. रहेको छ । यस सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्र (११.४४५ कि.मि.) मा ६ लेन, जंगल/ग्रामीण क्षेत्र (२७.१९ कि.मि.) मा ४ लेन र दाउन्ने क्षेत्र (९.९ कि.मि.) मा ३ लेनमा सडक विस्तार गर्नुका साथै ९ वटा ठूला पुलहरु, ३८ वटा (दायाँ-बायाँ सहित) साना पुलहरु र २५६ वटा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ । वि.सं. २०८२ फागुनसम्म ९५.५ किलोमिटर सडक चार लेनमा र ७.५ किलोमिटर सडक दुई लेनमा कालोपत्रे भएको छ । यस सडक खण्ड अन्तर्गत २०८२ फागुनसम्म ४१ सामान्य पुल र २० मुख्य पुलको निर्माण भएको छ ।

सिद्धबाबा सुरुङ मार्ग योजना

नेपालको पाल्पा जिल्लामा सिद्धार्थ राजमार्ग अर्न्तगत पर्ने सिद्धबाबा क्षेत्रमा मिति २०७८/११/२५ मा ठेक्का सम्झौता सम्पन्न भई निर्माण कार्य थालनी भएको हो । यस योजनाको निर्माण अन्तर्गत ११२६ मिटरको सुरुङ मार्गका साथै चालु सडकमा ७८० मिटरको rockshed structure र rocknet, rockbolt प्रविधिको समेत व्यवस्था रहेको छ । यस योजनामा तीनवटा १५१ मि., १६१ मि. र १३० मि. लम्बाईका bypass tunnel रहेका छन् । यस योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality अबलम्बन गरिएको छ ।

कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना

नेपालको उत्तर-दक्षिण जोड्ने महत्वपूर्ण सडकको रुपमा कालिगण्डकी कोरिडोर नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लाको गैंडाकोटदेखि मुस्ताङ्ग जिल्लाको कोरला नाकासम्म कालिगण्डकी नदीको किनारबाट निर्माण भइरहेको River Allignment हो । यसको लम्बाई करिब ४४४ कि.मि. रहेको छ । यस सडक योजना

अन्तर्गत गैंडाकोट-राम्दी-मालढुङ्गा सडक खण्ड, पाल्पा र मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक खण्ड, जोमसोम स्थापना गरी निर्माण कार्य भइरहेको छ। कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना आ.व. २०६७/६८ मा शुरु भई आ.व. २०८८/८९ सम्म निर्माण सम्पन्न हुने लक्ष्य लिईएको छ। योजनाको कुल अनुमानित लागत रु.३० अर्ब रहेको छ। २०८२ फागुनसम्म यस खण्डमा थप ६ किलोमिटर सडक कालोपत्रे भई कालोपत्रे सडकको लम्बाई ८७ किलोमिटर पगेुको छ। साथै, यस अवधिसम्म १६ पुल निर्माण सम्पन्न भएको छ। यस योजनाले कुल ११८५ जना (३५ महिला र ११५० पुरुष) स्वदेशी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ। आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ६७.१४ प्रतिशत र भौतिक प्रगति ७१.२३ प्रतिशत रहेको छ।

बबई सिँचाइ आयोजना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ। यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ। आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न हुने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न हुने यस आयोजनाबाट ३६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा २०८२ फागुनसम्म २८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ६८.२३ प्रतिशत र भौतिक प्रगति ८१.९७ प्रतिशत रहेको छ।

सिक्टा सिँचाइ आयोजना

आर्थिक वर्ष २०६१/६२ मा लुम्बिनी प्रदेश, बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका राप्ती पश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजना समेतबाट गरी सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य सहित शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने लक्ष्य रहेको छ। यस आयोजनाको लागत रु. ५२ अर्ब ८९ करोड रहेको छ। आयोजनाबाट हालसम्म पुल सहितको ३१७ मिटर लामो ब्यारेज, ४५.२५ कि.मी. लामो Desettling Basin सहितको पश्चिम मूल नहर र पूर्वी मूल नहरको ५३.५ कि.मी. मध्ये चैनेज ३७+६७५ सम्म मूल नहर निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी पश्चिमतर्फका शाखा, उपशाखा र प्रशाखाको करिब ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। हाल पश्चिम मूल नहर र पुरानो डुन्डुवा सिँचाइ प्रणाली समेतबाट गरी करिब १८ हजार हेक्टर र पूर्वीतर्फ करिब ४ हजार ५ सय हेक्टर गरी जम्मा २२ हजार ५ सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ४६ प्रतिशत र भौतिक प्रगति ५१ प्रतिशत रहेको छ।

काठमाडौं-तराई मधेश द्रुतमार्ग

आ.व. २०७३/७४ बाट शुरु भएको काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना नेपालको राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो। चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा लम्बाई ७०.९७ किलोमिटर र आयोजनाको क्षेत्र ललितपुर (९ कि.मि.), काठमाडौं (४.६ कि.मि.), मकवानपुर (४९.७७ कि.मि.) र बारा (७.६ कि.मि.) रहेको छ। यस आयोजना अन्तर्गत रहेका जम्मा ७ सुरुङ्गमध्ये २०८२ फागुनसम्म सबै सुरुङ निर्माणाधिन

अवस्थामा रहेका छन् । यस आयोजना अन्तर्गत निर्माण हुने पुलमध्ये २०८२ फागुनसम्म ८१ मिटर उचाईसम्मका पुल समेत १३ पुलको सुपरस्ट्रक्चरसम्म, ५४ स्थानका पुलको फाउण्डेसनसम्म र ३४ स्थानका पुलको सबस्ट्रक्चरसम्मको निर्माण कार्य सम्पन्न भएको छ । यस आयोजनाले प्रभाव पार्ने जिल्लाहरु काठमाडौं, ललितपुर, बारा, चितवन, मकवानपुर, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिरहा, सप्तरी र सुनसरी लगायत तराईका जिल्लाहरु रहेका छन् । हाल यस आयोजनामा २,१४५ (१,८७६ स्वदेशी र २६९ विदेशी) जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ५०.६३ प्रतिशत र भौतिक प्रगति ४८.७२ प्रतिशत रहेको छ ।

हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मि. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । तराई-मधेशका २२ जिल्लामा यातायात सहज बनाउने उद्देश्य रहेको यस आयोजना आर्थिक वर्ष २०६६/६७ बाट शुरु भई आर्थिक वर्ष २०८६/८७ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत अनुमान रु.६५ अर्ब २० करोड पुगेको छ । हुलाकी लोकमार्गको १ हजार ८ सय ५७ किलोमिटरमध्ये २०८२ असारसम्म १ हजार ३ सय ५२ किलोमिटर (लिङ्क सडक सहित) कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप २९ किलोमिटर सडक कालोपत्रे भई १ हजार ३ सय ८१ किलोमिटर पुगेको छ । यस अन्तर्गतका २५० पुलमध्ये २०८२ फागुनसम्म १४३ पुलको निर्माण सम्पन्न भएको छ । आ.व. २०८२/८३ सम्म यस आयोजनाको वित्तिय प्रगति ७१.९९ प्रतिशत र भौतिक प्रगति ७५.४१ प्रतिशत रहेको छ ।

६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना

६.२.१ चुनौती

भौगोलिक विकटता, जलवायु परिवर्तनबाट उत्पन्न प्राकृतिक प्रकोप, सीमित स्रोत तथा साधन, बैज्ञानिक परियोजना मूल्याङ्कनको अभाव, परियोजना बैंकको सुद्रढीकरण, विभिन्न संस्थाबीच पारस्परिक समन्वयको कमी एवम् प्रक्रियागत झन्झट लगायतका चुनौती पूर्वाधार क्षेत्रमा विद्यमान रहेका छनु । प्रादेशिक रुपमा यस क्षेत्रमा रहेका चुनौतीहरु तालिका ६.२ मा प्रस्तुत गरिएका छन् ।

तालिका ६.२ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती

प्रदेश	चुनौती
कोशी	• भौगोलिक रूपमा विकट र प्राकृतिक प्रकोपको चपेटामा परिरहने हिमाली एवं पहाडी जिल्लाहरूमा सुरक्षित, दिगो तथा दीर्घकालीन पूर्वाधार संरचना तयार गर्नु । • परियोजना बैंकको सुदृढीकरण, पारदर्शी खरिद प्रक्रिया, प्राविधिक गुणस्तरलाई नियन्त्रण र समय सीमा भित्र निमार्ण कार्य सम्पन्न गर्ने प्रणालीको सुनिश्चितता गर्नु ।
मधेश	• पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु । • तीव्र तथा अव्यवस्थित शहरीकरणका कारण औद्योगिक क्षेत्र, सार्वजनिक पूर्वाधार तथा खुला स्थान संरक्षणका समस्यालाई समाधान गर्नु ।
बागमती	• मनसुनजन्य विपद् (बाढी, पहिरो, डुबान) बाट प्रदेशको सडक, पुल तथा सहरी पूर्वाधारमा वर्षेनि हुने क्षतिको पुनर्निर्माण एवम् पूर्वाधारको दिगोपना सुनिश्चित गर्नु ।

	• सार्वजनिक खरिदमा हुने प्रक्रियागत झन्झटलाई सरलीकरण गर्नु, निर्माण व्यवसायीहरूमा व्यावसायिकता विकास गर्नु तथा ठेक्का लागेका आयोजनाहरू समयमै सम्पन्न गरी लाभ लिनु ।
गण्डकी	• वित्तीय स्रोतको सीमितताको अवस्थामा गुणस्तरीय पूर्वाधार निर्माण गर्नु । • कठिन भौगोलिक बनावटका कारण पूर्वाधार निर्माणको लागत उच्च हुने र जलवायु परिवर्तनका प्रतिकुल प्रभावका कारण पटकपटक क्षतिग्रस्त भएका सडक तथा पुलको द्रुत मर्मत सम्भार र भवनको पुनर्निर्माण गर्नु ।
लुम्बिनी	• विश्व भूराजनीतिमा देखिएको तनावका कारण यान्त्रिक इन्धन लगायत निर्माण सामाग्रीको बजार मुल्यमा अत्याधिक वृद्धि तथा सहज आपूर्तिको अभाव, दक्ष जनशक्तिको अभाव तथा निर्माण कार्यमा संलग्न सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वयको अभावका कारण आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न नहुनु । • आयोजनाको पूर्वतयारी (जग्गाको अधिग्रहण, मुआब्जा वितरण, लागत निर्धारण कार्य) नहुनु, वातावरणसँग सम्बन्धित कानुनी अड्चन, स्थानीयसँगको तनाव तथा स्रोत र निर्माण मोडालिटी तय नहुनु ।
कर्णाली	• राष्ट्रिय गौरवका आयोजनाहरु, प्रादेशिक गौरवका आयोजनाहरु र रणनीतिक महत्व बोकेका अन्य आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय कायम गर्दै स्पष्ट समयसीमा, पर्याप्त प्राविधिक जनशक्ति, ठेक्काको कडाइका साथ अनुगमन र जिम्मेवार निकायको जवाफदेहिता, परिणाममा आधारित अनुगमन प्रणाली, प्रभावकारी प्रोत्साहन तथा कारबाहीको व्यवस्था गरी निर्माण चरणमा अल्झिरहेका आयोजनाहरु समयमै सम्पन्न गर्नु । • कठिन भौगोलिक अवस्थाका बावजुत अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुर्ननिर्माण कार्यहरु समयमै सम्पन्न गर्नु ।
सुदूरपश्चिम	• पूर्वाधार सम्बन्धी निर्णय प्रक्रियामा विभिन्न सरोकारवाला निकायहरुको सहभागिता, समन्वय, सहकार्य र स्वामित्व सुनिश्चित गरी पूर्वाधार निर्माण कार्यलाई अवरोध तथा विवादरहित सम्पन्न गर्नु र सम्पादित पूर्वाधारहरुको मर्मत तथा संरक्षण गर्नु । • पूर्वाधार आयोजनाहरु निर्माण गर्नुपुर्व आयोजनाहरुको वातावरणीय प्रभाव मुल्यांकन गरी दिगो र वातावरणमैत्री बनाउनु ।

६.२.२ सम्भावना

प्राकृतिक रुपमा उपलब्ध कच्चा पदार्थको सही उपयोग गरी भौतिक पूर्वाधार निर्माण एवम् पुर्ननिर्माणका कार्य सुचारु गर्ने, सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा वैकल्पिक वित्तीय स्रोत परिचालनमार्फत प्रचुर सम्भावना बोकेको जलविद्युत परियोजना, सडक आयोजनाहरु समयमै सम्पन्न गरी बहुआयामिक लाभ लिन सकिने सम्भावना रहेको छ ।

तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना

प्रदेश	सम्भावना
कोशी	• निर्माणाधिन जलविद्युत आयोजनाहरु सम्पन्न गरी हरित ऊर्जामा आत्मनिर्भर भई विद्युत निर्यात केन्द्र समेत बन्न सक्ने साथै सोलार विद्युत केन्द्र स्थापनाको क्रम बढेकोले वैकल्पिक ऊर्जाको स्रोतको रुपमा विस्तार हुन सक्ने । • क्रस-बोर्डर कनेक्टिभिटीको रुपमा विराटनगरको आईसीपी र एकीकृत भन्सार राष्ट्रियस्तरकै ठूलो व्यापारिक केन्द्रको रूपमा सञ्चालनमा रहेकोले औद्योगिक उत्पादन आयात-निर्यातमा उच्च सहजता भई कृषि, व्यापार, पर्यटन र उद्योगहरुको विकास हुन सक्ने ।
मधेश	• मधेश प्रदेशमा उपलब्ध भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने ।

	• सप्तकोशी नदी, बागमती तथा अन्य नदी प्रणालीको वैज्ञानिक उपयोगमार्फत सिँचाइ, ऊर्जा तथा बहुउद्देश्यीय पूर्वाधार परियोजना सञ्चालन गरी कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्न सकिने ।
बागमती	• पूर्वाधार निर्माण, उपयोग, संरक्षण तथा सम्वर्द्धनमा निजी क्षेत्र, सार्वजनिक-निजी साझेदारी (PPP) तथा जनस्तरको सहभागिता वृद्धि गरी स्वयंलाई उत्तरदायी बनाउँदै स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउन सकिने । • सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा वैकल्पिक वित्तीय स्रोत परिचालनमार्फत ठूला पूर्वाधार आयोजना कार्यान्वयन गर्न सकेमा प्रदेशको वित्तीय भार न्यूनीकरण गर्दै निर्माण तथा सेवा प्रवाहको दायरा विस्तार गर्न सकिने । • पूर्वाधार आयोजनाको डिजिटल अनुगमन, भौगोलिक सूचना प्रणाली तथा नतिजामा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग बढाउन सकेमा आयोजना कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारिता अभिवृद्धि गर्न सकिने ।
गण्डकी	• मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गहरूको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा बाह्य बजार विस्तार गर्न सकिने र कालीगण्डकी करिडोर सडकमार्गमार्फत चीन र भारतसँग सोझै सम्बन्ध कायम भएकोले पर्यटन, व्यापार वृद्धि तथा आर्थिक गतिविधि विस्तार गर्न सकिने । • ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजनाहरू, सौर्य र वायु ऊर्जा परियोजनाहरूको विकास गरी विद्युत उत्पादन बढाउन सकिने ।
लुम्बिनी	• उच्चस्तरीय होटल लगायतका अन्य पर्यटकीय पूर्वाधारमा लगानी बढाउन सकेमा छिमेकी मुलुक भारतलगायत अन्य मुलुकहरुबाट पर्यटकहरुलाई आकर्षण गर्न सकिने । • पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको बुटवल-गोरुसिङ्गे खण्ड र धानखोला-लमही खण्ड सडक स्तरोन्नति गर्ने संघीय सरकारले समेत बजेट विनियोजन गरेसंगै उक्त आयोजनाहरु सम्पन्न भए पश्चात् अर्थतन्त्र थप चलायमान हुने ।
कर्णाली	• कृषि, पर्यटन, साना तथा मझौला व्यवसाय, स्थानीय उत्पादन र उद्यमशीलतामा बैंक तथा वित्तीय संस्थाहरुको लगानी बढाउन सके स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने । • धार्मिक, सांस्कृतिक तथा वातावरणीय रुपले महत्वपूर्ण क्षेत्रहरुहले भरिपूर्ण यस प्रदेशमा पर्यटन पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने ।
सुदूरपश्चिम	• विद्युत उत्पादनमा उच्च क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गरी रोजगारीका अवसर सिर्जना गर्न सकिने । • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने । • धार्मिक स्थलहरुको पहिचान, विकास तथा प्रवर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्न सकेमा पर्यटक गाईड, होटल रेस्टुँरा सञ्चालन तथा अन्य व्यापार व्यवसायको रुपमा रोजगारी सिर्जना गर्न सकिने ।

परिच्छेद ७: बाह्य क्षेत्र र रोजगारी

७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ८१.८० प्रतिशतले बढेको थियो। गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फ क्रमशः १५.१२ प्रतिशत, १०.१२ प्रतिशतले निर्यात बढेको छ भने चीनतर्फ २८.०४ प्रतिशतले निर्यात घटेको छ।

आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु आयात १६.२० प्रतिशतले वृद्धि भई रु.२० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १३.२५ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा समीक्षा वर्षमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः १३.०१ प्रतिशत, २४.६७ प्रतिशत र १७.५४ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यातमा भारतको हिस्सा बढेको छ भने आयातमा अमेरिका र अन्य मुलुकको हिस्सा बढेको छ। कुल वस्तु निर्याततर्फ भारतको हिस्सा ८२.०४ प्रतिशत, अमेरिकाको हिस्सा ६.५९ प्रतिशत र अन्य मुलुकको हिस्सा ७.३४ प्रतिशत रहेको छ। त्यसैगरी, कुल वस्तु आयाततर्फ भारतको हिस्सा ५७.६५ प्रतिशत, चीनको हिस्सा २०.२८ प्रतिशत र अन्य मुलुकको हिस्सा ११.४१ प्रतिशत रहेको छ।

तालिका ७.१ : आर्थिक वर्ष २०८२/८३ मा नेपालको आयात तथा निर्यात स्थिति

निर्यात			आयात		
देश	रु. अर्बमा	प्रतिशत	देश	रु. अर्बमा	प्रतिशत
भारत	२५८.६५	८२.०४	भारत	१२१०.६	५७.६५
अमेरिका	२०.७७	६.५९	चीन	४२५.२५	२०.२८
जर्मनी	४.९८	१.५८	अर्जेन्टिना	११६.३९	५.५५
बेलायत	३.२३	१.०२	युएई	५२.१७	२.४९
जापान	२.३१	०.७३	अमेरिका	३२.७२	१.५६
फ्रान्स	२.२१	०.७०	इन्डोनेसिया	२२.१९	१.०६
अन्य	२३.१४	७.३४	अन्य	२३७.०६	११.४१
कुल	३१५.२९	१००.००	**कुल**	२०९६.३८	१००.००

स्रोत: भन्सार विभाग,२०८३

आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु व्यापार घाटा १६.६३ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ८१ अर्ब ८ करोड पुगेको छ। अघिल्लो वर्षको यस्तो घाटा ६.० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १५.०४ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो।

तालिका ७.२ : आर्थिक वर्ष २०८२/८३ को आयात तथा निर्यातको संरचना (प्रतिशत)

क्र.सं.	विवरण	आ.व. २०८१/८२		आ.व. २०८२/८३	
		आयात	निर्यात	आयात	निर्यात
१	कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ	२४.५९	५९.९२	२४.४४	६४.०१
२	खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन	२३.८३	१.२७	२४.१८	१.२०
३	निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण	१३.७५	८.८८	१३.३८	९.५४
४	कपडा, छाला, जुत्ता, गहना	८.७७	२१.४१	९.७९	२०.९३
५	यातायात, उपकरण, हुलाक सेवा	१६.४७	५.८७	१५.४९	१.६२
६	आइटी, मिडिया, कम्पुटर, वित्तीय सेवा	५.०७	०.४१	५.७१	०.४०
७	स्वास्थ्य, शिक्षा तथा खेलकुद	७.१६	२.२३	६.७२	२.२९
८	सरकार, सेना तथा अन्य	०.३७	०.००	०.२८	०.०१
जम्मा		१००.०	१००.०	१००.०	१००.०

स्रोत : भन्सार विभाग, २०८३

आर्थिक वर्ष २०८२/८३ को कुल निर्यात तथा आयातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी (क्रमशः ६४.०१ प्रतिशत र २४.४४ प्रतिशत) रहेको छ (तालिका ७.२)। आयाततर्फ खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधनको हिस्सा २४.१८ प्रतिशत र यातायात, उपकरण, हुलाक सेवाको हिस्सा १५.४९ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा रु.३ खर्ब ३६ अर्ब ९० करोडको कृषिजन्य वस्तु आयात भएको छ भने रु.३२ अर्ब ९९ करोडको कृषिजन्य वस्तु निर्यात भएको छ (तालिका ७.३)। कृषिजन्य वस्तुको आयाततर्फ बोसो तथा तेलको हिस्सा सबैभन्दा धेरै ५३.३२ प्रतिशत रहेको देखिन्छ भने निर्याततर्फ मसलाजन्य वस्तुको हिस्सा सबैभन्दा धेरै ४४.३५ प्रतिशत रहेको देखिन्छ। यसका अतिरिक्त तरकारी तथा दलहन, नट्स तथा फलफूल, पशुपन्छीको आहारा र मसला आयात रकमको आधारमा क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा रहेका छन्। यसैगरी, निर्यात रकमको आधारमा दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा क्रमशः बोसो तथा तेल, चिया, जुट तथा अन्य वनस्पती रेशा र तरकारी तथा दलहन रहेका छन्।

तालिका ७.३ : कृषिजन्य वस्तु आयात निर्यातको अवस्था

(रु. दश लाखमा)

वस्तुको नाम	आ.व. २०८१/८२		आ.व. २०८२/८३	
	आयात	निर्यात	आयात	निर्यात
बोसो तथा तेल	१५६१४९.८	७७४२.८	१७९६३६.४	७७१५.४
मसला	९९४२.५	८७०७.७	१०१५६.६	१४६३३.८
पशुपन्छीको आहारा	२५५४७.६	०.०	२८८३२.९	०.०
जुट तथा अन्य वनस्पती रेशा	५४१७.३	३००५.४	६७६१.८	२९३५.१
चिया	९०.३	४५९०.९	६५.८	३९७७.७
नट्स तथा फलफुल	२५८७२.७	२३.७	३४७३०.२	३७.१
तरकारी तथा दलहन	३७७३५.५	५७९.१	३८३५३.१	६५४.५
छाला	८१.६	४७९.६	९४.७	४१४.४
कफी	१४४.०	११४.३	१९४.६	१४४.९
सुर्ती तथा सुर्तीजन्य उत्पादन	४४१७.०	२३४.६	५३८७.४	२१२.७
दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन	१४०६.८	१८२.३	५९७.०	२१०.०
चिनी	४८७९.६	६३२.६	६६५१.७	४१४.२
पिठो, मैदा, सुजी, च्याँख्ला आदि	२९६३.८	३६०.२	३५०८.३	३५७.१
मासु	१९.५	३१.०	११.८	५७.२
ऊन	५१४४.८	३.४	६१५३.५	५.७
कपास	११८४०.८	२९.८	१२३३६.५	३९.४
जीवित बोटविरुवा तथा फूलहरु	१०२.१	२१.४	२३९.७	११.६
मकै	१९२७६.९	१९७.१	०.०	४८७.३
धान	३९०२३.०	०.०	०.०	०.०
गहुँ	२६८.४	०.०	०.०	०.०
जिवित जन्तु	७१२.४	१२.९	६५६.९	४९.३
माछा तथा अन्य जलचर	१२०३.७	०.०	१५३०.६	२१०.०
रेशम	७५७.१	३९६.४	८४९.७	४२८.८
तयारी माछा मासु	१५८.५	०.०	१५२.६	०.०
जम्मा	**३५३१५५.७**	**२७३४५.२**	**३३६९०१.८**	**३२९९६.२**

स्रोत : भन्सार विभाग, २०८३

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने गण्डकी प्रदेश (कर्णाली प्रदेश वाहेक) मा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, निर्यातमा पनि मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ

भने गण्डकी प्रदेश (कर्णाली प्रदेश वाहेक) मा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ। कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.४)।

तालिका ७.४ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति

प्रदेश	प्रमुख भन्सार विन्दुहरु	आयात (रु. अर्बमा)	निर्यात (रु. अर्बमा)
कोशी	भद्रपुर, विराटनगर, मेची, सुनसरी, पशुपतीनगर	३०५.२२	११५.११
मधेश	वीरगञ्ज, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी	१००२.१५	११९.३५
बागमती	रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार	३१२.३२	३९.००
गण्डकी	त्रिवेणी, मुस्ताङ्ग	१४.४१	०.२१
लुम्बिनी	भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतम बुद्ध विमानस्थल	४३०.४९	४०.२९
सुदूरपश्चिम	कैलाली, कञ्चनपुर, सत्ती	३१.७९	१.३४
जम्मा		**२०९६.३८**	**३१५.२९**

स्रोत : भन्सार विभाग, २०८३

आर्थिक वर्ष २०८२/८३ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, कच्चा तेल, मेसीनरी उपकरण तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा, औषधी, फलाम, विद्युतीय उपकरण, सञ्चार उपकरण, रसायनिक मल, सुन आदि रहेका छन्। समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा प्रशोधित तेल, सेन्थेटिक यार्न, जुस, अलैँची, प्लाइउड, जुटका सामान, तयारी पोशाक आदि रहेका छन् (तालिका ७.५)।

तालिका ७.५ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु

प्रदेश	आयात	निर्यात
कोशी	भटमासको कच्चा तेल, पोलीथिन दाना, एल.पि ग्यास, सुर्यमुखीको कच्चा तेल, कपर वायर, एच.आर.सिट, स्टेपल फाइबर, शुद्ध फलाम, स्टेपल फाइबर, मकै, अन्य औधोगिक मेसीनरी, पि.भि.सी कम्पाउण्ड, धान, गहुँ आदि।	भटमासको प्रशोधित तेल, सेन्थेटिक यार्न, जुटका कपडा, सुर्यमुखीको प्रशोधित तेल, अन्य कार्पेट, स्पोर्ट सुज, चाउचाउ, नुडल्स, पास्ता आदि, प्लाइउड, पिना अन्य आदि।
मधेश	पेट्रोलियम पदार्थ, फलाम तथा फलामबाट बनेका सामानहरु, भटमासको कच्चा तेल, मेसिनरी तथा पार्टपुर्जा, इलेक्ट्रिक उपकरण र तिनका पार्टपुर्जा, यातायातका साधन तथा तिनका पार्टपुर्जा, मल खाद्य,सबै प्रकारका खाद्यन्नहरु आदि।	भटमासको प्रशोधित तेल, फलफूलको जुस, सुर्यमुखीको प्रशोधित तेल, फलाम तथा फलामका सामाग्रीहरु, कपडा, सेन्थेटिक यार्न, पशु आहारको कच्चा पदार्थ पिना चोकर भुस आदि।
बागमती	यातायातका साधन र तिनका पार्टपुर्जा, इलेक्ट्रिकल उपकरण र तिनका पार्टपुजा तयारी कपडा, फलफूल, प्लाष्टिकका सामान, मेसिनरी तथा पार्टपुर्जा, स्वास्थ्य औजार तथा उपकरण, जुत्ता तथा चप्पल, लसुन आदि।	गलैंचा, फेल्टका सामान, तामाका घरेलु भाँडाकुँडा, धातुको मूर्ति, तयारी कपडा, काठका तयारी सामान, जडीबुटी, चाउचाउ, नुडल्स आदि।
लुम्बिनी	मोटरसाइकल, जीप कार र भ्यानहरु, पेट्रोल, विद्यतीय सवारी साधन, फलाम, मोवाइल टेलिफोन, एम.एस. विलेट, चकलेट, एल पि ग्यास आदि।	भटमासको प्रशोधित तेल, सेन्थेटिक यार्न, आल्मोनियमका तार, सिमेन्ट खैरो, खयर कत्था, फलाम तथा स्टीलका भाँडाकुँडा, प्लाइउड, चाउचाउ, नुडल्स आदि।
सुदूरपश्चिम	डिजल, पेट्रोल, एल.पी.ग्याँस, चिनी, कागज तथा बोर्ड, महिला पोसाक, बिटुमिन, ए.टि.एफ. आदि।	रोजिन र रेजिन अम्ल, कत्था, अन्य तेल आदि।

स्रोत : भन्सार कार्यालयहरु

७.२ रोजगारी

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को फागुनसम्ममा ५५ हजार १ सय ५१ जनाले रोजगारी पाएका छन् (तालिका ७.६) ।

तालिका ७.६ : राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण

प्रदेश	आयोजना सङ्ख्या	कुल रोजगारी प्राप्त सङ्ख्या	कुल रोजगारी दिन
कोशी	१,९२८	९,९३०	७६४,१००
मधेश	१,२४९	१०,१६८	४९९,६१३
बागमती	१,८०५	७,८८६	६३०,८७०
गण्डकी	१,४४५	५,७६१	४३१,०८९
लुम्बिनी	१,५१४	७,२५०	५४०,२७१
कर्णाली	९५०	७,१५६	५४३,२६७
सुदूरपश्चिम	१,४४६	७,०००	५४९,५७२
जम्मा	**१०,३३८**	**५५,१५१**	**३,९५८,७८२**

स्रोत : श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८२ फागुनसम्म

प्रदेशगत रुपमा तुलना गर्दा मधेश प्रदेशबाट सवैभन्दा बढी १० हजार १ सय ६८ जना व्यक्तिहरुले रोजगार प्राप्त गरेका थिए भने गण्डकी प्रदेशबाट सवैभन्दा कम ५ हजार ७ सय ६१ जनाले रोजगार प्रप्त गरेको देखिन्छ ।

वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८२/८३ मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ७,९२,१८७ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी १,७९,०३९ र कर्णाली प्रदेशको हिस्सा सबै भन्दा कम ३०,४९० रहेका छन् (तालिका ७.७) ।

तालिका ७.७ : आर्थिक वर्ष २०८१/८२ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण

प्रदेश	पुनः श्रम स्वीकृतिबाहेक			पुनः श्रम स्वीकृति समेत		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कोशी	६६५४२	१५७९६	८२३३८	१३६७९८	२६९४५	१६३७४३
मधेश	८०८९२	२९२४	८३८१६	१७४२६६	४७७३	१७९०३९
बागमती	५२४१७	१९१५७	७१५७४	९७०९८	३२५५३	१२९६५१
गण्डकी	४०५९८	७९२०	४८५१८	९३१४४	१२३६९	१०५५१३
लुम्बिनी	६६३४८	८०६२	७४४१०	१३३४०२	१२६४६	१४६०४८
कर्णाली	१८८५३	१८६२	२०७१५	२७९८८	२५०२	३०४९०
सुदूरपश्चिम	२२५६१	२४७२	२५०३३	३४४००	३३०३	३७७०३
जम्मा	**३४८२११**	**५८१९३**	**४०६४०४**	**६९७०९६**	**९५०९१**	**७९२१८७**

स्रोत: वैदेशिक रोजगार विभाग, २०८३

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा जारी गरिएका कुल ७,९२,१८४ श्रम स्वीकृतिमध्ये २४.०२ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाइएको छ (तालिका ७.८) । यसैगरी, ६०.९३ प्रतिशत दक्ष कामदार, १४.४७ प्रतिशत अर्धदक्ष कामदार र ०.१३ प्रतिशत उच्चसीपयुक्त कामदारले श्रम स्वीकृति लिएको पाइएको छ ।

तालिका ७.८ : दक्षताको आधारमा आ.व. २०८२/८३ मा जारी श्रम स्वीकृति संख्या

क्र.सं.	प्रकृति	पुरुष	महिला	जम्मा	हिस्सा (प्रतिशत)
१.	उच्चसीपयुक्त	८०१	२९५	१,०९६	०.१३
२.	पेशागत	२,९५६	६१४	३,५७०	०.४५
३.	दक्ष	४,१९,७७५	६२,८६८	४,८२,६४३	६०.९३
४.	अर्धदक्ष	१,०४,८१४	९,८००	१,१४,६१४	१४.४७
५.	अदक्ष	१,६८,७५०	२१,५१४	१,९०,२६४	२४.०२
कुल जम्मा		**६,९७,०९६**	**९५,०९१**	**७,९२,१८७**	**१००.०**

स्रोत: वैदेशिक रोजगार विभाग, २०८३ ।

७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती तथा सम्भावना

७.३.१. चुनौती

७.३.१.१. भारतसँगको खुला सीमालाई व्यवस्थित बनाउनु, भारतसँग हुने गरेको अनौपचारिक व्यापारलाई न्यून गर्नु, निर्यात गर्ने वस्तुहरुको देशगत विविधीकरण गरी निर्यात वृद्धि गर्नु ।

७.३.१.२. विभिन्न देश बीच हुने गरेका व्यापार युद्धका कारण विश्व व्यापार थप अनिश्चित हुनु, खाद्य पदार्थ तथा पेट्रोलियम पदार्थको आपुर्ति श्रृङ्खलामा प्रभाव पर्नु र वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि संकुचन हुनु ।

७.३.१.३. अदक्ष कामदारका रुपमा बैदेशिक रोजगारीका लागि जनशक्तिलाई आवश्यक सीप विकास गरी अर्धदक्ष तथा दक्ष कामदारका रुपमा रोजगारीका लागि पठाउनु ।

७.३.१.४. भारतबाट प्राप्त हुने अनौपचारिक विप्रेषण औपचारिक प्रणालीमार्फत् भित्र्याउनु ।

७.३.१.५. निर्यातको तुलनामा आयात बढी हुँदा व्यापार घाटा निरन्तर वृद्धि भईरहेको र खाद्यान्न, इन्धन, मल तथा औषधिजस्ता आधारभूत वस्तु समेत आयातमा निर्भर हुनु ।

७.३.१.६. विदेशी मुद्रा सञ्चितिको प्रमुख स्रोत विप्रेषण रही आएको पर्यटकको संख्यामा वृद्धि गरी पर्यटकीय आम्दानी बढाउनु तथा निर्यातमा वृद्धि गरी विदेशी मुद्रा सञ्चितिको स्थायी स्रोतको विकास गर्नु ।

७.३.१.७. वार्षिक रूपमा ठूलो सङ्ख्यामा युवा श्रमशक्ति विदेशिने हुँदा घरेलु श्रम बजारमा दक्ष जनशक्तिको अभाव हुनु ।

७.३.२. सम्भावना

७.३.१.८. अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरु विद्युत्तीय भुक्तानीसँग आवद्ध हुनु, वैदेशिक लगानीमा एकद्वार प्रणाली लागु हुनु, विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्नु, गैरआवासीय नेपालीलाई बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था हुनु जस्ता कारणहरुले बाह्य व्यापार तथा वैदेशिक लगानीमा सुधार आउने ।

७.३.१.९. हिमाल, पर्यटन, जलविद्युत् र कृषि जस्ता प्राकृतिक स्रोतहरूको उपयोगद्वारा निर्यात आय र देशभित्रै रोजगारी सिर्जना गर्न सकिने ।

७.३.१.१०. जलविद्युत् उत्पादनको विस्तारले ऊर्जा आयात घटाउनुका साथै छिमेकी देशहरूमा विद्युत् निर्यात गरी दिगो विदेशी मुद्रा आर्जन गर्न सकिने ।

७.३.१.११. सूचना प्रविधि, डिजिटल सेवा र सफ्टवेयर निर्यातजस्ता क्षेत्रहरूमा नयाँ युवा जनशक्तिलाई देशभित्रै रोजगारी दिन सकिने ।

७.३.१.१२. कृषि तथा जडीबुटी उत्पादनको व्यवसायीकरण र प्रशोधनद्वारा विश्व बजारमा नेपाली वस्तुहरूको निर्यात विस्तार गर्न सकिने ।

७.३.१.१३. चीन, भारत र अन्य देशहरूसँगका व्यापार सम्झौता, सहुलियतपूर्ण बजार पहुँच तथा पर्यटन क्षेत्रको सम्भावनाले व्यापार घाटा घटाउने र श्रमशक्तिलाई विविध क्षेत्रमा आबद्ध गर्न सकिने ।

परिच्छेद ८ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१६ खर्ब ८८ अर्ब ३३ करोड विनियोजन भएको थियो (तालिका ८.१) । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा रु.१५ खर्ब ८२ अर्ब १७ करोड खर्च भएको प्रारम्भिक अनुमान रहेको छ । उक्त रकम विनियोजित बजेटको ८०.५५ प्रतिशत हो ।

तालिका ८.१ : आर्थिक वर्ष २०८२/८३ को संघीय बजेटको वार्षिक प्रगति विवरण

शिर्षक	बजेट रकम (रु.अर्बमा)	संशोधित अनुमान (रु.अर्बमा)	यथार्थ खर्च (रु.अर्बमा)	खर्च प्रतिशत
चालु खर्च	११८०.९८	११२५.९०	१०४४.००	६५.९८
पूँजीगत खर्च	४०७.८९	२४३.३०	१९०.८४	१२.१
वित्तीय व्यवस्था	३७५.२४	३१९.१३	३४७.३३	२१.९२
जम्मा	**१९६४.११**	**१६८८.३३**	**१५८२.१७**	**१००**

स्रोत : अर्थ मन्त्रालय २०८३

आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेट विनियोजनका लागि स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा देहायका शीर्षक अन्तर्गत रहने गरी कुल स्रोत विनियोजन गरिएको थियो (तालिका ८.२) ।

तालिका ८.२ : आर्थिक वर्ष २०८२/८३ को प्रादेशिक बजेटको स्रोत र खर्चको विवरण

विवरण	रकम (रु.अर्बमा)						
	कोशी प्रदेश	मदेश प्रदेश	बागमती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
कुल स्रोत	**३५.८८**	**४६.९८**	**६७.४८**	**३१.९८**	**३८.९१**	**३३.००**	**३३.४८**
राजस्व (राजस्व बाँडफाँट)	२१.३८	३२.२५	५२.६६	१७.९९	२४.८९	१६.९४	१९.२७
वित्तीय हस्तान्तरण अनुदान	१४.५०	१२.७३	१४.८१	१२.२४	१४.०२	१६.०६	१४.२१
आन्तरिक ऋण	०.००	२.००	०.००	१.७५	०.००	०.००	०.००
कुल खर्च	**३५.८८**	**४६.९८**	**६७.४८**	**३१.९८**	**३८.९१**	**३३.००**	**३३.४८**
चालु खर्च	१३.९७	१४.३८	१७.३९	१०.६४	१२.०१	७.८०	१०.२१
पुँजीगत खर्च	१७.११	३०.२६	४१.४३	१९.०९	२३.४७	१९.९८	१९.८३
वित्तीय व्यवस्था तर्फको खर्च	०.१०	०.००	०.००	०.२५	०.००	०.६२	०.०१
स्थानीय तहमा वित्तीय हस्तान्तरण	४.७१	२.३४	८.६६	२.००	३.४२	४.६०	३.४३

स्रोत: आ.व. २०८२/८३ प्रदेशगत बजेट वक्तव्य ।

८.२ आर्थिक वर्ष २०८३/८४ को संघीय तथा प्रदेशगत बजेटको संक्षिप्त विवरण


नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट विनियोजन गरेको छ । चालु खर्चका लागि रु. १२ खर्ब ७० अर्ब ५८ करोड र पुँजीगत खर्चका लागि रु. ४ खर्ब ३१ अर्ब १० करोड र वित्तीय व्यवस्थापनका लागि रु. ४ खर्ब २२ अर्ब ६४ करोड विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा रु. १४ खर्ब ५ अर्ब ३१ करोड राजस्व संकलन गर्ने लक्ष्य तोकेको छ । सातवटै प्रदेशहरुले आर्थिक वर्ष २०८३/८४ को लागि कुलमा रु.३ खर्ब १० करोडको बजेट प्रस्तुत गरेका छन् (तालिका ८.३) ।

तालिका ८.३ : आर्थिक वर्ष २०८३/८४ मा प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा

प्रदेशको नाम	बजेट (रु.अर्ब)	प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा (प्रतिशतमा)
कोशी	४०.४५	१३.४८
मधेश	४९.२४	१६.४१
बागमती	६६.९३	२२.३०
गण्डकी	३३.००	११.००
लुम्बिनी	३७.३८	१२.४६
कर्णाली	३५.४०	११.८०
सुदूरपश्चिम	३७.७०	१२.५६
कुल	३००.१०	१००.००

स्रोत : प्रदेशगत बजेट वक्तव्य ।

चार्ट ८.१ : प्रदेशको एकिकृत बजेटको वार्षिक प्रवृति (रु.अर्बमा)



स्रोत : प्रदेशगत बजेट वक्तव्य ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७५/७६ देखि राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्दै आइरहेका छन् । आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारहरुले प्रस्तुत गरेको बजेटको विवरण तालिका ८.४ मा दिइएको छ ।

तालिका ८.४ : आर्थिक वर्ष २०८३/८४ को प्रदेशगत बजेट विवरण (खर्च अनुमान)

प्रदेश	कुल बजेट	रकम (रु.अर्ब)				प्रतिशत			
	२०८३/८४	चालु	पुँजीगत	अन्तर सरकारी हस्तान्तरण	वित्तीय व्यवस्था	चालु	पुँजीगत	अन्तर सरकारी हस्तान्तरण	वित्तीय व्यवस्था
कोशी	४०.४५	१३.९७	२०.७६	५.५६	१.५०	३४.५४	५१.३२	१५.५०	३.७१
मधेश	४९.२४	१४.४१	३२.७३	२.१०	०.००	२९.२६	६६.४७	४.४७	०.००
बागमती	६६.९३	१६.०४	४३.९७	६.९२	०.००	२३.९७	६५.७०	१०.२५	०.००
गण्डकी	३३.००	१०.७२	२०.०२	२.००	०.२५	३२.४८	६०.६७	६.३०	०.७६
लुम्बिनी	३७.३८	११.११	२२.७१	३.५६	०.००	२९.७२	६०.७५	९.१५	०.००
कर्णाली	३५.४०	८.६०	२०.७५	५.५५	०.५०	२४.२९	५८.६२	१६.८२	१.४१
सुदूर पश्चिम	३७.७०	१०.१३	२०.८९	६.६०	०.०७	२६.८६	५५.४२	१९.७१	०.१९
कुल	३००.१०	८४.९८	१८१.८३	३२.२९	२.३२	**२८.३**	**६०.३**	**१०.८**	**०.८**

स्रोत : प्रदेशगत बजेट वक्तव्य ।

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०८३/८४ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको कुल रु.३ खर्ब १० करोड मध्ये चालुतर्फ रु.८४ अर्ब ९८ करोड (२८.३ प्रतिशत), पूँजीगततर्फ रु.१ खर्ब ८१ अर्ब ८३ करोड (६०.३ प्रतिशत), वित्तीय हस्तान्तरणतर्फ रु.३२ अर्ब २९ करोड (१०.८ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु. २ अर्ब ३२ करोड (०.८ प्रतिशत) विनियोजन गरेका छन् ।

८.३ नेपालको सार्वजनिक ऋणको अवस्था

नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरण अनुसार नेपाल सरकारको ऋणको हिस्सा विगतका वर्षहरुको तुलनामा पछिल्लो वर्षहरुमा बढिरहेको देखिन्छ । आर्थिक वर्ष २०८२/८३ मा सार्वजनिक ऋण रु.२९ खर्ब ८१ अर्ब ७० करोड पुगेको छ । जसमध्ये रु.१३ खर्ब ७५ अर्ब ४२ करोड आन्तरिक ऋण र रु. १६ खर्ब ६ अर्ब २८ करोड वाह्य ऋण रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ४ करोड रहेको थियो ।

तालिका ८.५ : नेपालको सार्वजनिक ऋणको अवस्था


रु.अर्बमा

आर्थिक वर्ष	आन्तरिक ऋण	बाह्य ऋण	कुल ऋण
२०७७/७८	८००.३२	९३४.६९	१७३५.०१
२०७८/७९	९८४.२९	१०२५.८४	२०१०.१३
२०७९/८०	११२९.१०	११७०.३	२२९९.४
२०८०/८१	११८०.९०	१२५७.६०	२४३८.५०
२०८१/८२	१२६८.२२	१४०५.८२	२६७४.०४
२०८२/८३	१३७५.४२	१६०६.२८	२९८१.७०

स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋण दायित्व २६.८४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा ४५.१८ प्रतिशत पुगेको छ । जसमा आन्तरिक ऋण २०.८४ प्रतिशत र वैदेशिक ऋण २४.३४ प्रतिशत रहेको छ ।

चार्ट ८.२: नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ उत्पादन अनुपात (प्रतिशतमा)



स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

८.४ अन्य कार्यक्रमको कार्यान्वयन

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बालीवस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने परिकल्पना राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले गरेको छ । राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन् ।

न्यूनतम १००० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ । जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन् । मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी परियोजना सञ्चालन गरिएको छ ।

तालिका ८.६: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लक्ष्य तथा कार्यान्वयन अवस्था

विवरण	लक्ष्य	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
पकेट	१५,०००	२,७७६	४,३७२	६,७४२	३२८३	८७१०	८७१०	९१६२	९३९३
ब्लक	१,५००	३३६	६०६	१,२२७	९९९	१५८७	१६६४	१६६४	१६९९
जोन	३००	७५	१०६	१०६	१७७	१७७	१७७	२०६	२०६
सुपरजोन	२१	१४	१६	१६	१६	१६	१६	२१	२१

स्रोत: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत् ७७ जिल्लामा २१ सुपर जोन र २०६ जोन सञ्चालनमा रहेका छन् । त्यसैगरी, समीक्षा वर्षमा यस कार्यक्रम अन्तर्गत ९ हजार ३ सय ९३ वटा पकेट क्षेत्र र १ हजार ६ सय ९९ वटा ब्लक क्षेत्र सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा पकेट क्षेत्र, जोन र सुपरजोनको संख्यामा वृद्धि भएको छ भने ब्लकको संख्या यथावत रहेको छ । (तालिका ८.६)

नेपालको कृषि क्षेत्रलाई आत्मनिर्भर, दिगो तथा व्यावसायिक बनाउने उद्देश्यले कृषि विकास रणनीति (ADS, 2015-2035) कार्यान्वयनमा सहयोग पुऱ्याउन सञ्चालित राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (आ.व.२०७३/७४-२०८२/८३) ले कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । कार्यक्रम अवधिमा कुल रु.५६ अर्ब ५४ करोड ९८ लाख बजेट प्राप्त भई ६४.३ प्रतिशत खर्च भएको छ । यस अवधिमा ११,३१९ विशिष्टीकृत कृषि उत्पादन क्षेत्र, ८१५ स्रोत केन्द्र, १८,२१९ साना सिँचाइ आयोजना, ६१४ कस्टम हायरिङ सेन्टर तथा १,९१७ मूल्य शृङ्खला अभिवृद्धिका संरचना स्थापना हुनुका साथै ६३,१४९ कृषि औजार वितरण र १८,३७३ प्रशिक्षार्थीको क्षमता विकास गरिएको छ । कार्यक्रमबाट राष्ट्रिय औसतको तुलनामा कृषि उत्पादकत्व ५८ प्रतिशत बढी हासिल हुनुका साथै ६ लाख ६२ हजार मेट्रिक टन थप उत्पादन र कुल रु.२८ अर्ब १४ करोड बराबरको आर्थिक योगदान प्राप्त भएको छ । तथापि, कोभिड-१९ महामारी, लक्षितभन्दा न्यून स्रोत प्राप्ति, बारम्बारको नीतिगत तथा संस्थागत परिवर्तन, सरोकारवाला निकायबीच कमजोर समन्वय, करार तथा पुल दरबन्दीका कर्मचारीमा निर्भरता र अनुदान नीतिमा अस्पष्टताका कारण कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा निर्धारित लक्ष्य प्राप्तिमा समस्या देखिएको छ ।

परिच्छेद ९: आर्थिक परिदृश्य

समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रयमासमा रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण भौतिक पूर्वाधार, जलविद्युत् आयोजना, व्यापारिक आवागमन तथा पर्यटन गतिविधिमा परेको नकारात्मक असर तथा अन्तर्राष्टिय बजारमा पेटोलियम पदार्थको उच्च मूल्यको प्रभावले चालु आर्थिक वर्षको आर्थिक विस्तारमा केही दबाब सिर्जना गर्ने देखिन्छ। तथापि, कृषि क्षेत्रमा बाढीको प्रभाव तुलनात्मक रूपमा सीमित रहने, विप्रेषण आप्रवाहबाट आन्तरिक माग वृद्धि हुने, ब्याजदर तुलनात्मक रूपमा न्यून रहेको अवस्थामा कर्जाको माग तथा लगानी क्रमशः बढ्ने र बाढी लगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणले निर्माण तथा सम्बन्धित आर्थिक गतिविधिमा विस्तार ल्याउने अनुमान रहेको छ।

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा समेत विश्लेषण गर्दा आर्थिक वर्ष २०८३/८४ मा मुलुकमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा सुधार हुने प्रारम्भिक अनुमान रहेको छ।

९.१ मूल्य स्थिति

रसुवा-भोटेकोशी बाढीका कारण रसुवागढी नाका तथा नेपाल-चीन जोड्ने सडक पूर्वाधारमा भएको क्षतिले आयातित वस्तुको ढुवानी तथा आपूर्ति व्यवस्था र वस्तुको मूल्यमा अल्पकालीन रुपमा दबाब सिर्जना गरेको छ। साथै, बाढीबाट क्षतिग्रस्त सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य भौतिक पूर्वाधारको पुनर्निर्माणले निर्माण सामग्रीको मागमा वृद्धि भई सिमेन्ट, फलामे छड, इन्धनलगायतका सामग्रीको मूल्यमा थप दबाब सिर्जना गर्न सक्ने देखिन्छ। यद्यपि, कृषि उत्पादनमा बाढीको प्रभाव सीमित रहने, आन्तरिक उत्पादन तथा आपूर्ति व्यवस्थामा सुधार हुने र अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा खाद्य वस्तुको मूल्य स्थिर रहने अवस्था कायम भएमा समग्र मुद्रास्फीति वाञ्छितस्तरमै रहने अपेक्षा गर्न सकिन्छ।

९.२ कृषि क्षेत्र

रसुवा-भोटेकोशी बाढीका कारण भोटेकोशी-त्रिशूली-नारायणी नदी करिडोर आसपासका करिब १,८०० हेक्टर खेतीयोग्य जमिनमा क्षति पुगे तापनि उक्त क्षति कुल खेतीयोग्य जमिनको ०.१ प्रतिशतभन्दा कम रहेकाले राष्ट्रिय कृषि उत्पादनमा यसको प्रभाव न्यून रहने अनुमान छ। आर्थिक वर्ष २०८३/८४ मा मनसुन अनुकूल रहेको, कृषि सामग्री समयमै उपलब्ध भएको तथा कृषि पूर्वाधारमा लगानी विस्तार हुने अनुमान रहेकोले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा अघिल्लो वर्षको तुलनामा सुधार हुने देखिन्छ।

९.३ औद्योगिक क्षेत्र

रसुवा-भोटेकोशी बाढीबाट जलविद्युत् आयोजना, प्रसारण लाइन तथा अन्य भौतिक पूर्वाधारमा पुगेको क्षतिले औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्तिमा समस्या भएतापनि बाढीबाट क्षतिग्रस्त सडक, पुल, प्रसारण लाइन तथा अन्य भौतिक संरचनाको पुनर्निर्माणले सिमेन्ट, फलामे छड, निर्माण सामग्री तथा खानीजन्य वस्तुको माग बढाई सम्बन्धित उद्योगको गतिविधिमा विस्तार आउने देखिन्छ।

९.४ सेवा क्षेत्र

रसुवा-भोटेकोशी बाढीबाट सडक तथा व्यापारिक पूर्वाधारमा पुगेको क्षतिले व्यापार, यातायात र पर्यटन सेवामा अल्पकालीन अवरोध सिर्जना हुने देखिन्छ। साथै, बाढीबाट भौतिक सम्पत्तिमा भएको क्षतिका कारण बीमा

दाबीमा वृद्धि भई बीमा कम्पनीको वित्तीय अवस्थामा दबाब पर्न सक्ने देखिन्छ। साथै, चालु आर्थिक वर्षको पहिलो दुई महिनामा विप्रेषण आप्रवाहमा वृद्धि भएको, निर्माणजन्य औद्योगिक कच्चा पदार्थको आयात बढेको, डिजिटल भुक्तानी, सूचना प्रविधिमा आधारित सेवा तथा सेवा निर्यातको विस्तारपर्यटक आगमनमा बृद्धि भएकोले थोक तथा खुद्रा व्यापारमा बढोत्तरी भई आन्तरिक उपभोग तथा व्यापारिक गतिविधि विस्तार भई समग्रमा सेवा क्षेत्रको वृद्धिमा टेवा पुग्ने अपेक्षा रहेको छ।

९.५ पूर्वाधार क्षेत्र

पुनर्निर्माणका लागि आवश्यक स्रोतको समयमै व्यवस्थापन, आयोजनाको प्राथमिकीकरण तथा प्रभावकारी कार्यान्वयनले निर्माण, खानी तथा उत्खनन, यातायातलगायतका आर्थिक गतिविधि विस्तारमा सहयोग पुऱ्याउने अपेक्षा रहेको छ। साथै, सूचना प्रविधिको पहुँचमा तीव्र विकास हुँदै गएको, राष्ट्रिय एवम् प्रादेशिक गौरवका आयोजनाहरुको निमार्ण कार्य तिव्र गतिमा हुने आँकलनका आधारमा पूर्वाधार क्षेत्रको विस्तार सकारात्मक हुने देखिन्छ। समग्रमा, बाढीबाट क्षतिग्रस्त संरचनाको शीघ्र पुनर्निमाण, सार्वजनिक पूँजीगत खर्चको प्रभावकारी परिचालन तथा राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा तीव्रताले आगामी अवधिमा पूर्वाधार क्षेत्रको विस्तारलाई सहयोग पुग्ने देखिन्छ।

९.६ बाह्य क्षेत्र

रसुवा-भोटेकोशी बाढीबाट रसुवागढी नाका, उत्तरी व्यापारिक मार्ग तथा जलविद्युत् र प्रसारण पूर्वाधारमा भएको क्षतिले वस्तु व्यापार र विद्युत् निर्यात प्रभावित हुन सक्ने देखिन्छ। साथै, आयातमा हुने वृद्धिले व्यापार घाटा थप फराकिलो हुने अनुमान गर्न सकिन्छ। आर्थिक वर्ष २०८३/८४ को शुरुका महिनाहरुमा विप्रेषण आप्रवाहमा देखिएको वृद्धिले बाह्य क्षेत्रलाई थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

* * *